# प्रदेश सभा

## गण्डकी प्रदेश
## विशेष अधिवेशन

## (दोस्रो बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७७/०९/२६ गते, दिनको १:०० बजे ।

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर १५ मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्वप्रथम म, बजेट कार्यान्वयन सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर्ने माननीय सदस्य श्री ललितकला गुरुङलाई आफ्नो संक्षिप्त वक्तव्य दिन अनुमति दिन्छु । समय १० मिनेट ।

### माननीय ललितकला गुरुङ

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यस ऐतिहासिक विशेष अधिवेशनमा हामी उपस्थित छौं। प्रदेश सभाको करिब ३ वर्षको दौरान समसामयिक राजनीति बारेमा विधेयक निर्माण, प्रदेशको नामाकरण, प्रदेशको केन्द्र राजधानी तय गर्ने लगायत विभिन्न संसदीय अभ्यास मार्फत जनतासँग प्रत्यक्ष, अप्रत्यक्ष जोडिएका मुद्दाहरुमा हामीले छलफल गर्यौं। गण्डकी प्रदेश सभामा प्रथम पटक जरुरी सार्वजनिक महत्वको प्रस्तावको माथि छलफल गर्न बजेटको प्रभावकारी कार्यान्वयनको विषय मैले यहाँ प्रस्ताव गर्न गईरहेको छु। केन्द्रिकृत शासन प्रणाली हुँदा असारको तेस्रो साता बजेट प्रस्तुत गरेर श्रावण १ बाट लागु गर्ने प्रचलन हुँदा पेश्की विधेयक पेश गर्नु पर्ने अख्तियारी समयमा जान नसक्दा धेरै समय फाइलमा प्रकृयामा बित्ने र कार्यान्वयनको लागि केही महिना मात्र बाँकि रहँदा बजेट फ्रिज हुने वा असारे विकासको नाममा आलोचित कार्यक्रमबाट बजेट खर्च गर्नु पर्ने बाध्यता थियो। यस परिपेक्ष्यमा संविधान र कानून निर्माताहरुले यी समस्याहरुलाई समाधान गर्न संघको बजेट जेष्ठको १५ गते र प्रदेशको बजेटको लागि असार १ गते तय गरे। बजेट वक्तव्यबाट नै अख्तियारी जाने कानूनी व्यवस्थाको समय अभ्यास भयो। प्रदेश सरकारले प्रस्तुत गरेको तीन वटा बजेट खर्च सन्तोषजनक देखिएको छैन। गत आ.व.मा बजेट खर्च कम हुनुमा कोरोनालाई कारण बनाइए पनि यो अर्धसत्य छ किनकि कोरोनाले वास्तविक रुपमा पछिल्लो तीन महिनामा मात्र असर गरेको थियो। विनियोजन विधेयक ल्याउनु भनेको योजनाको नाम खुलाएर विनियोजित रकम सहित उल्लेख गर्नु पर्नेमा बास्केटमा रकम राखेर बजेट पास गराउने अनि संसदको काम मन्त्रीले गर्ने

अराजकता यो वर्ष पनि रोकिएन। कैयौं राम्रा योजनाहरु वार्षिक कार्यक्रममा समावेश हुने बजेट पनि विनियोजित हुने तर कार्यान्वयन नहुने अनि फेरि अर्को वर्षमा दोहोरिने तेहरिने प्रकृया यथावतै छ। बजेट पास गरेको आधा वर्ष बित्न लाग्दा पनि बास्केटमा रहेका योजनाहरुलाई नटुक्रयाउने, अख्तियारी नदिने, धेरै जसो कार्यक्रमको डिपिआर, सर्भे, इस्टिमेट, टेण्डर, सम्झौता पनि हुन सकि रहेको अवस्था छैन। प्रत्येक वर्ष कार्यविधि बन्दै छ भनेर सुन्दा कार्यविधि बनाउन कति वर्ष लाग्ने हो वा के एउटै मन्त्रालयको लागि मात्रै वर्षैपिच्छै कार्यविधि बनाई राख्ने हो ? बुझ्न सकिएन। सभामुख महोदय, कुनै कार्यक्रमको जग्गा प्राप्ति भएको छैन, ऐन बनेको छैन वा ऐनमा संशोधन आवश्यक छ संघबाट अनुमति सहयोग बनाउन पर्ने हो भने यी प्रारम्भिक समस्याको सम्बोधन बिना आयोजना कसरी अगाडि बढछ? कसरी विनियोजित बजेट खर्च हुन्छ? बजेट समयमै खर्च हुँदा र बजेटको ठूलो अंश खर्च गरिंदा यसले अर्थतन्त्रलाई चलायमान गराउँछ। रोजगारीको सिर्जना गर्दछ र जनताको विकास र निमार्णको अपेक्षालाई समेत सम्बोधन गर्दछ। तसर्थ कम बजेट खर्च गरेर सरकारी ढुकुटिमा त फर्केको छ नि भनेर सोच्नु गलत हुनेछ। माननीय सभामुखज्यू बजेटको कार्यान्वयनको गति यस वर्ष पनि सुस्त छ। पोखरा चक्रपथ, बहुसाँस्कृतिक ग्राम, गण्डकी काउ फार्म, फेवाताल, लामेआहाल तथा पृथ्वीचोक बसपार्क, एक स्थानीय तह एक उद्योगग्राम, पोखरालाई अन्य प्रदेशको राजधानी र छिमेकी राष्ट्रको प्रमुख शहरसँग हवाई मार्गबाट जोडने जस्ता थुप्रै सदाबहार कार्यक्रमहरु यस वर्ष पनि प्रारम्भ वा सम्पन्न हुन नसक्ने देखिन्छ। यी हाम्रा स्थायी कार्यक्रम पक्कै पनि अर्को वर्षको बजेटमा आउने र सरकारले आफ्ना पिठ्युँ थपथपाउने नै छ। व्यवसाय जीवन रक्षककोष बारे माननीय मुख्यमन्त्रीज्यूले प्रतिबद्धता जनाउनु भएको छ। पक्कैपनि अर्को नियमित अधिवेशनमा यो विषय उठाउनु नपर्ला। माननीय सभामुख महोदय, यस्ता थुप्रै कार्यक्रमहरु दिवा सपनाका रुपमा यहाँ हामीलाई झुक्याउने कार्यक्रमहरु साकार नहुने हुन कि ? शुरुवात सम्पन्न नहुने हुन कि ? भन्ने थुप्रै यस्ता कार्यक्रमहरु गर्भमै रहने हुन कि ? भन्ने कार्यक्रमहरु पनि छन्। त्यस्ता कार्यक्रमहरु केही म यहाँ प्रस्तुत गर्न चाहन्छु। अन्य सामाजिक सुरक्षा कार्यक्रममा दुई करोड, प्रदेश विकास प्राधिकरणको लागि भवन, सवारी दस करोड, प्रोजेक्ट बैंक पाँच करोड, कोभिड-१९ प्रभावलक्षित कार्यक्रम साढे अढारह करोड, ग्रामीण गरिबी निवारणको लागि दुग्ध विकास ग्यारह करोड, प्रारम्भिक मल उत्पादन स्थापना कारखाना एक करोड, पशु वधशाला निर्माण एक करोड, सार्वजनिक विद्युतीय सवारी प्रयोगमा प्रोत्साहन कार्यक्रम दश करोड, प्रदेश स्तरमा केबल कार र मोनोरेलको सम्भावना अध्ययन चालिस लाख, प्रदेश स्तरीय सभाहल निर्माणको लागि एक करोड, मध्य नेपाल नगरपालिका भिमाद, कुश्मा, फलेवास, पुतलीबजार, शुक्लागण्डकीलाई सेटेलाइट सिटी बनाउने भनेर विनियोजित गरेको पचत्तरदेखि अस्सीलाख, पोखरा सभागृहको मर्मत संभार साढे दुई करोड, भगत सर्वजित सीप विकास कार्यक्रम अस्सिलाख जस्तै यस्ता थुप्रै कार्यक्रमहरु आएका छन्। यस्ता कार्यक्रमहरुले हामीले गएको अधिवेशनमा सभाहल धेरै गुञ्जायौं तर यी कार्यक्रमहरु कहाँ पुगेका छन्? कति भएका छन्? के भई रहेको छ भनेर हामी पनि यो कार्यक्रमबाट सुसूचित हुने मौका पाउने कि नपाउने भन्ने यसमा मेरो जिज्ञासा छ भन्दै मेरो आफ्नो भनाई, हाम्रो आफ्नो भनाई दलको तर्फबाट पनि म आफ्नो भनाई राखेको हुनाले हाम्रो आफ्नो भनाईलाई अन्त्य गर्दै म विदा हुन चाहन्छु। धन्यवाद। जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब जरुरी सार्वजनिक महत्वको प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु।

सर्वप्रथम, म जरुरी सार्वजनिक महत्वको प्रस्तावलाई समर्थन गर्ने माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई बोल्न समय दिन्छु। समय ८ मिनेट।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, आज हामी लोकतन्त्र स्थापना पछि संघीयता, संघीय  गणतन्त्र लागु भई सकेपछि सात वटै प्रदेशको स्थापना पछि संचालित झण्डै तीन वर्षको दौरानमा आज गण्डकी प्रदेशको यस सम्मानित सदनमा पहिलो पटक जरुरी सार्वजनिक महत्वको विषयको प्रस्तावले एउटा छलफलको रुप लिएको छ र जुन हाम्रो नेपाली काँग्रेसका माननीय श्री ललितकला गुरुङ्गज्यूबाट प्रस्तावक भएर प्रस्तुत गर्नु भएको सार्वजनिक महत्वको विषयमा आज म, मेरो दल र मेरो व्यक्तिगत तर्फबाट समर्थन गर्दै किन हामीले सार्वजिनक महत्वको विषयहरु राख्नु पऱ्यो त? यो प्रदेश गण्डकी प्रदेश सभामा प्रष्ट पार्न चाहन्छु। हामीले तीन वर्षको दौरानमा गण्डकी प्रदेशको सरकारलाई नीतिगत रुपमा, नैतिक रुपमा र अन्य सपोर्ट गर्ने, सहयोग गर्ने, समर्थन गर्ने मिल्ने जति कुरामा समर्थन गऱ्यौं। सुझाव दिने कुरामा धेरै पटक यहिं रोष्ट्रममा आएर बाहिर परोक्ष या अपरोक्ष रुपमा हामीले समर्थन गऱ्यौं र सरकारलाई धेरै घच्घचाउने काम प्रमुख प्रतिपक्षको एउटा जिम्मेवारी पनि भएको हुनाले नेपाली जनताले सरकारलाई रचनात्मक सहयोग गर्दै कतै बाटो बिराएको खण्डमा सरकारलाई सही बाटोमा ल्याउने जिम्मेवारी तपाईंहरुको हो भनेको कारणले आजसम्मन हामीले सरकारको बाटो हेऱ्यौं, सरकारलाई घच्घचायौं तर पनि सरकार चाहिने चिर निद्रामा अझै पनि रहिरहेको कारणले आज हामीले फेरि सरकारलाई सुन्ने  आवाजमा घच्घचाउनको लागि यो सार्वजनिक महत्वको प्रस्ताव यो सदन समक्ष ल्याइएका छौं आशा छ यसले सरकारलाई केही न केही कतै न कतै एउटा कुनामा घोचोस् र नबिझुँइएको सरकार छ भने बियुँझिन प्रयत्न गरोस् भन्न चाहन्छु। हो, हाम्रो प्रस्तावक माननीयज्यूले नै धेरै कुराहरु प्रष्टाई सक्नु भएको छ। सानो तिनो कुराहरु उदहारण म दिन चाहन्छु। सरकारले धेरै मिठा मिठा योजनाहरु प्रस्तुत गऱ्यो, हामीलाई विश्वास थियो त्यो हाम्रो लागि होइन, आफ्नो लागि, आफ्नो कार्यसम्पादन गर्नको लागि, जनतामा बोलेका कसमहरुलाई पुरा गर्नको लागि ल्याइएको थियो भन्ने हामीलाई लागेको थियो तर त्यो रहेनछ। किनभने त्यो खाली बोल्नको लागि र जनतालाई एकछिन अल्मल्याउनको ल्याइएको रहेछ भन्ने धेरै उदहारणहरु छन्। यस्तै उदहारण प्याराग्लाइडिङ्गको पूर्वाधार निर्माण भनेर एक करोड छुट्टाइयो, औद्योगिक पूर्वाधार विकास भनेर एक करोड पाँच लाख छुट्टाइयो, कारागार कार्यालयको भौतिक पूर्वाधार स्तरोन्नति भनेर पच्चहत्तर लाख छुट्टाइयो, विपद पूर्व सूचना प्रणाली स्थापना गर्ने भनेर एक करोड छुट्टाइयो, ठूलो प्रतियोगिताको नियम बनाउने र संचालन गर्न बीस लाख छुट्टाइयो, किशोरीहरुको आत्मरक्षाको तालिम भनेर पन्ध्र लाख छुट्टयाइयो, २०७७/६/१३ मा १५ दिने सूचना प्रकाशित माग गरिएको खेल मैदान, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र संरक्षण छनौट भनेर सय दिन भई सक्दा अहिलेसम्म त्यो कुनै प्रकृयामा गएको छैन। त्यस्तै २०७६/०५/१५ मा सूचना प्रकाशित गरेको ज्येष्ठ नागरिक दिवा केन्द्र तथा आश्रम संचालन ११० दिन भई सक्यो तर अहिलेसम्म त्यसले कुनै चाहिने एक पाइला पनि चाल्दैन। सडक पुल, झोलुङ्गे पुल, सहरी सडक, धेरै योजनाहरु बहुवर्षीय योजनाहरु जो चाहिने जनताको आवश्यकता छ। यो प्रदेश सरकारलाई चिनाउन जसले संघीयता आएर प्रदेश सरकारको औचित्य छ, छैन भन्नेहरुलाई जवाफ दिनको लागि धेरै बहुवर्षीय आयोजनाहरु महत्वको साथ अगाडि बढाइयो तर कार्यान्वयन भएन। यो त मैले गफ लाएको भन्न सुहाउँछ किनभने म प्रमुख प्रतिपक्ष दलले खाली झुटै बोल्ने हो भन्छ तर तपाईंहरुको आधिकारिक डाटा मैले आज यहाँ प्रस्तुत गर्न चाहन्छु। तपाईंहरुको सडक पुल, झोलुङ्गे, सहरी विकासमा विनियोजन भएको, आज कति दिन गयो यो सरकार बनेको यो आर्थिक वर्ष गएको जम्मा १४% काम भएको छ। मैले गन्न नबिर्सेको हो भने यो सरकारले तीन महिना भित्र चार महिना भित्र सम्पूर्ण कामहरु अगाडि बढाएर त्यसलाई कार्यान्वयनमा लैजाने भनेको आज छ महिना भई सक्यो। चौध दुना अठ्ठाइस परसेन्ट काम गरेर यो सरकारले सन्तुष्ट लिन खोजेको हो त्यो हो भने मलाई केही भन्नु होइन सरकारले जनतालाई ढाँटदै जाने, विनियोजित रकम खर्च नगर्ने, अर्को साललाई चाहिने फेरि कहिंबाट बजेट ल्याउन सकिने छैन। यहि बजेटलाई जोगाएर राख्नु पर्छ भन्ने यो सरकारको मानसिकता हो भने मलाई केही भन्नु छैन। खानेपानीमा पनि जम्मा १४% मात्रै खर्च भएछ। सिंचाईंमा त ५% मात्रै भाछ। के हाम्रा किसानहरुले हाम्रा यहाँका प्रदेशका वासिन्दाहरुले सिंचाई गर्नै नपरेर हो कि यसै बजेट कम छ के ले रोकियो भन्ने सुने थिएं। भएको बजेट ५%  अहिलेसम्म पनि कार्यान्वयन भाछैन। यो पुष मसान्तमा आएर अलि अलि प्रगति भाछ। दुई महिनामा अलि अलि त्यसमा चाहिने सडकमा ५% ले प्रगति छ, खानेपानीमा

९% ले प्रगति छ, सिंचाईंमा पनि ५% ले प्रगति छ। हामीले झोलुङ्गे पुलको म एउटा उदहारण दिन चाहन्छु मन्त्रीज्यू यहिं हुनुहुन्छ उहाँ एकदम तरारुकताका साथ काम पनि गर्न खोज्नु भएको छ तर एउटा कुरा हामीले सरकारमा रहेर कर्मचारी साथीहरु हुनुहुन्छ कि हुनुहुन्न सबभन्दा मैले देखेको कि नेतृत्वले मैले भनेको मानेन भन्नु पऱ्यो होइन भने कर्मचारीले हामी त सरकारले भनेको मान्दैनौं हाम्रै नीति नियम छ। हामीले सरकारलाई टेर्न जरुरी छैन हामी त स्थायी सरकार हो भनेर घोषणा गरिदिनु पऱ्यो। मन्त्रालयले विनियोजनको गरेको बजेट खर्च गर्नको लागि कर्मचारी साथीभाईले अहिलेसम्म किन असहयोग गऱ्या? निर्वाचन क्षेत्र विकास पूर्वाधार कार्यक्रम धेरै भई सक्यो लागु भएको, कार्यान्वयन हुन पर्ने बेला भई सक्यो भोलि असारे बजेट भन्छ। समय सिद्धियो भनेर त्यो कार्यान्वयन हुँदैन तर धेरै पटक पहल गर्दा पहिला अख्तियारी आछैन। अख्तियारी आएपछि कर्मचारी छैन। कर्मचारी भई सकेसि विभिन्न कुराहरुलाई अल्झो थापेर कार्यान्वयन नगर्ने एउटा ज्वलन्त उदहारण बनेको छ अनि माननीयहरुले कामै गरेन। विकास निर्माणमा चासै दिएन भन्ने कुराहरु जनताबाट आउन नदिनको लागि नेतृत्व वर्गले पनि त्यत्तिकै चनाखो भएर आफूले जन्माएको बच्चा विहान दुध खाए कि खाएन? दिउसो जाउलो खाए कि खाएन र त्यसलाई चाहिने पोषक तत्वहरु कहिं कमि त छैन भन्ने कुरा आमाले चासो दिए जस्तै नेतृत्वमा रहने सरकारमा रहने मन्त्रीज्यूहरुले आफूले छुट्टाएको किताब मात्रै छुट्टाएर हुँदैन। त्यो किताब छुट्टाएको कार्यान्वयन कहाँ पुगेको छ? त्यो कार्यान्वयन के कारणले रोकिया छ? तपाईंलाई केले छेकेको त्यो कार्यान्वयन गराउनको लागि? हामी सबै यहाँ प्रदेशको विकास गर्नको लागि

**(माननीय सभामुख- माननीय सदस्य समय सिद्धियो)**

जनताको अधिकारलाई सुनिश्चित गर्नको लागि आएका हौं। त्यस्तो समस्या पऱ्यो भने सबै मिलेर जाने भन्ने एउटा गण्डकी प्रदेशको एउटा इतिहास पनि रचेका छौं। यसमा नेतृत्व वर्गले अझै चनाखो भएर यो विकासलाई जनता समक्ष पुऱ्याउनको लागि अग्रसर हुन यो सार्वजनिक महत्वको विषयले प्रस्तावले **(माननीय सभामुख- माननीय सदस्य समय सिद्धियो)** अझै सरकारलाई घच्घचाउने आशा राख्दै विदा हुन्छु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

अब म जरुरी सार्वजनिक महत्वको प्रस्तावलाई समर्थन गर्ने माननीय सदस्य श्री धनमाया पोखरेल लामालाई बोल्न समय दिन्छु। समय ५ मिनेट।

## माननीय धनमाया पोखरेल लामा

माननीय सभामुख महोदय, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सँगसँगै हाम्रो प्रदेश सभा गठन पश्चात् हामी तेस्रो वर्षमा जुन यो गण्डकी प्रदेशको इतिहासमा हामीले नियमित अधिवेशनको अलावा जुन विशेष अधिवेशनको आव्हान गरिरहेका छौं र यो अधिवेशन अन्तर्गत हामीले विशेष प्रस्तावको रुपमा जुन यो गण्डकी प्रदेश भित्र र भित्रको आम बजेटको कार्यान्वयनको सवालमा र बजेट कार्यान्वयन र यसको प्रगतिको बारेमा गण्डकी प्रदेश सरकारलाई घच्घचाउन र आगामी दिनमा संमृद्ध प्रदेश निर्माण गर्नको निमित्त जुन सहयोग पुग्छ भन्ने उद्देश्यका साथ हामीले प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेस र जनता समाजवादी पार्टीले जुन दुई वटा दल मिलेर यो अधिवशेनको आव्हान गऱ्यो र त्यसै कार्यसूची अन्तर्गत आज हामी बजेट कार्यान्वयनको विषयमा सार्वजनिक, जरुरी सार्वजनिक महत्वको विषयमा छलफल गर्न गई रहेको छौं र यस प्रस्ताव गर्न हुने माननीय सदस्य ललितकला गुरुङ्गको जुन प्रस्तावलाई म र मेरो दलको तर्फबाट समर्थन रहेको जानकारी गराउँदै र यस विषयमा छलफल गर्ने अनुमति चाहन्छु। समाजवाद उन्मुख, आत्मनिर्भर, राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने उद्देश्यका साथ बजेट पारित भएको सातौं महिनामा हामी छौं। माननीय सभामुख महोदय, बजेट कार्यान्वयनको पक्ष एकदमै न्यून र बजेट खर्च गर्न सक्ने क्षमताको अभाव देखिन्छ। कोरोना भाइरस प्रभावित उद्योग

व्यवसायलाई जोगाउन टिकाउन  र सुचारु गर्न विशेष कार्यक्रम संचालन गर्न व्यवसायिक जीवन रक्षाकोष इन्टरप्राइजेज सर्भाइवल फण्ड स्थापना गर्न जुन प्रदेश सरकारले एक अर्बको बजेट विनियोजन गऱ्यो यो बजेटको कार्यविधि कहाँसम्म पुग्यो र यो कार्यान्वयनमा हामी कोरोना भाइरस प्रभावित भएको एक वर्ष बितिसक्दा पनि यो बजेटले  कार्यान्वयनको पक्षमा नजाँदा यो एकदमै दुखदाई छ। यसको जवाफ प्रदेश सरकारले दिनु पर्छ भन्ने मेरो माग छ र स्वदेश तथा विदेशमा रोजगारी गुमाएका कोभिड-१९ प्रभावित युवाहरुलाई सीप, पुँजी, प्रविधि उपलब्ध गराउन शिक्षा तर्फ, कृषि तर्फ, पर्यटन तर्फ छुट्टा छुट्टै बजेटको व्यवस्था गरेको थियो। यो पनि अहिलेसम्म प्रदेश सरकारले कार्यान्वयनमा नलगेको अवस्था छ। यसमा पनि कार्य प्रगति कहाँसम्म पुग्यो यसको पनि जवाफ लिन चाहन्छु र स्वास्थ्य बिमा, संघ सरकार र प्रदेश सरकारको सहकार्यमा स्वास्थ्य बिमालाई चाँहि तीन वर्ष भित्र हामीले पुरा गर्नु पर्छ भनेर दुई करोडको बजेट हाम्रो व्यवस्था भएको थियो र यो पनि कुनै कार्य प्रगति नदेखेको अवस्था छ। यो पनि सम्बन्धित मन्त्रीज्यूलाई म ध्यानाकर्षण गराउन चाहन्छु र जनता आवास कार्यक्रम जुन हामीले आगामी दिनमा लक्षित वर्गलाई जुन दलित, एकदमै अल्पसंख्यक वर्गलाई हामीले विशेष गरी महत्वका साथ यो बजेटको व्यवस्था गऱ्यौं र यो पनि सन्तोषजनक नभएको यो प्रदेश सभामा म जानकारी गराउन चाहन्छु र मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ हरेक स्थानीय तहमा एक एक वटा स्थापना गर्ने भनेर जुन गत साल यो गत चालु आर्थिक बजेटले व्यवस्था गऱ्यो यसमा पनि यो कुनै फिल्डमा कुनै प्रगति नदेखेको र विगतमा जुन हामीले दुई वर्षको बजेटहरु पास गरिसक्दा त्यो कार्यान्वयनमा गई सकेको अवस्थामा पनि दुई वटा बजेटमा नि यो मुख्यमन्त्री नमूना कृषि गाउँले त्यति फलदायी नभएको मैले त अनुभव गरिरहेको छु र अहिले पनि छ करोड एक चालिस लाखको बजेट विनियोजन गरिएको छ। यसको कार्य प्रगति कहाँसम्म पुगिरहेको छ यो पनि सम्बन्धित मन्त्रालयले यहाँ जानकारी गराउन हुने भन्ने अपेक्षा लिएको छ र सिंचाई तथा झोलुङ्गे पुलको कार्य प्रगति कतिपय हेरियो भने एकदमै शून्य रहेको छ। म चाँहि त्यसको केही कुरा डाटा सहित दिन चाहन्छु। गोरखाको हकमा भन्ने हो भने एउटा खारखोला सिंचाई आयोजना केरे स्वरी खारखोला झोलुङ्गे पुल यो चाँहि लगातार तीन वर्ष सम्म बजेट विनियोजन भएको र यो कार्यान्वयनमा नगएको अवस्था रहेको छ र प्रदेश गौरवको आयोजनाहरुको कार्यप्रगति पनि सन्तोषजनक नभएको र एक निर्वाचन क्षेत्र एक सडक, गण्डकी प्रदेश उज्यालो प्रदेश, एक घर एक धारा जुन हाम्रो प्रदेश गौरवका आयोजनाहरु छ, यसले पनि सन्तोषजनक प्रगति नगरेको म यहाँ जानकारी गराउन चाहन्छु र गण्डकी प्रदेश सरकार प्रदेशवासी जनता र प्रदेश सभा समक्ष जवाफदेही हुने हुँदा अर्धवार्षिक मन्त्रालयगत प्रगति विवरण पेश गर्न हुन प्रदेश सरकारलाई म हार्दिक अनुरोध गर्न चाहन्छु र जनयुद्ध, जनआन्दोलनका घाइतेहरुको उपचार र पिडित व्यक्तिको परिवारलाई उद्यमशीलता तथा सीप विकासको लागि भनेर गत वर्ष पनि नब्बे लाख र अहिलेको सालमा पनि अहिलेको चालु आर्थिक वर्ष बजेटमा पनि एक करोड व्यवस्था गरेको छ र यसको कुनै कार्यविधि नबनेको र अहिलेसम्म यो बजेट हामीले विनियोजन गरेको ६ महिना बितिसक्दा ७ महिना बितिसक्न लाग्दापनि यसको कार्यविधि नबनेको र गत सालको जस्तै फ्रिज भएर जाने अवस्था रहेको हुनाले हामीले यो

**(माननीय सदस्य समय सिद्धियो)**

विशेष महत्वको प्रस्तावलाई यो बजेट कार्यान्वयनको विषयमा अझ केन्द्रित भएर प्रदेश सरकारलाई हामीले सही ढंगले अझै बजेटलाई कार्यान्वयन गराउन सपोर्ट पुग्छ होला भन्ने हिसाबले यो प्रस्ताव ल्याएको छ। यसको पूर्ण समर्थन जनाउँदै मेरो भनाई यहिं अन्त्य गर्दछु। हस् त धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री मायानाथ अधिकारी । समय ९ मिनेट।

## माननीय मायानाथ अधिकारी

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यस सम्मानित बैठक हाम्रो प्रदेश सभाको इतिहासमा पहिलो पटक हामी विशेष अधिवेशनमा उपस्थित भएका छौं। प्रदेश सभाहरुमा गण्डकी प्रदेशले एउटा नयाँ अनुभव, नयाँ अभ्यास गर्दै आएको छ। विगतमा हामीले सहमति सहकार्यका धेरै महत्वपूर्ण कामहरु गर्दै आएका छौं। साना मसिना कामदेखि बाहेक धेरै महत्वपूर्ण कामहरुमा सबै राजनैतिक दलहरु मिलेर हामीले हाम्रो प्रदेशलाई संमृद्ध बनाउने, सुखी नागरिक बनाउने अभियानमा लाऐको कुरा म अनुरोध गर्न चाहन्छु। यस सन्दर्भमा विशेष अधिवेशन जो आयोजना भएको छ त्यसमा मेरो तर्फबाट मेरो पार्टी नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) गण्डकी प्रदेश संसदीय दलको तर्फबाट हामी सहभागी भएका छौं। यो सन्दर्भमा ज्ञात अज्ञात सहिदहरु प्रति म हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु। बेपत्ता र घाइते योद्धाहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु। प्रदेश सभाको इतिहासमा पहिलो पटक विशेष अधिवेशन आयोजना भएको छ। यो अभ्यास हाम्रो लागि यसैपनि महत्वपूर्ण छ। अझै जनताको सरोकारको विषयमा संसदमा रहेका हामी सबै राजनीतिक दलको सहमति एकबद्धता पनि रहेको छ। खासगरी मैले यसलाई संकल्प प्रस्तावको सम्बन्धमा उल्लेख गरेको छु विगतमा संकल्प प्रस्ताव छलफल गर्दा खास दलहरुले मात्रै दर्ता गरेको कारणले हामीले त्यो विषयमा सहमति गरेर अगाडि बढन पाएनौं अहिले हामीले संकल्प प्रस्तावमा सबै राजनैतिक दल सहमति भएर त्यो दर्ता भएको छ। अरु राजनैतिक महत्वको जुन प्रस्तावहरु छन् त्यसमा हामीले हाम्रो राय राख्ने नै छौं।जे होस् यसले के देखाएको छ भने विशेष अधिवेशनले पक्कै पनि यो उपलब्धिमूलक हुनेछ। यसले सरकारको कामलाई प्रभावकारी बनाउदै अझै थप प्रभावकारी बनाउने काममा पनि यसले मद्दत पुग्ने छ भन्ने मैले विश्वास लिएको छु। गण्डकी प्रदेश सभाले विगतमा प्रदेशको नामाकरण र राजधानीको सन्दर्भमा एतिहासिक एकता प्रदर्शन गरेको थियो। त्यति मात्र होइन केही विधेयकहरुलाई छोडेर अधिकांश विधेयकहरु पारित गर्दा पनि एकता र सहमतिको बाटो हामी बढदै आएका छौं। अहिले पनि हामी सबैले देखाएको एकता र सहमतिको निम्ति माननीय मुख्यमन्त्री, माननीय प्रदेश सभा सभामुख लगायत प्रदेश सभामा रहेका सबै माननीय सदस्यलाई म हार्दिक आभार र धन्यवाद व्यक्त गर्न चाहन्छु। आज हामी बजेट कार्यान्वयनको अवस्था सम्बन्धमा जरुरी सार्वजनिक महत्वको विषयमा सहभागी भएका छौं। विगतमा सबै ठाउँमा कार्यालय व्यवस्थापन नभएको। कर्मचारीको व्यवस्थापन पर्याप्त नभएको र बजेट पनि सोही ढाँचामा व्यवस्थित नभएको। योजना सम्झौता र कार्यान्वयनको लागि बाहिरि जिल्लामा गएर त्यो काम सम्पन्न गर्नुपर्ने पर्दा अप्ठ्यारो भई रहेको थियो। अनुगमन, निरीक्षण र मूल्याङ्कन स्वयंममा सम्पन्न गर्न असहजता महसुस भईरहेको थियो। संघीयता आएर पनि झनै जनताले दुख पो पाए कि जस्तो लाग्ने अवस्था देखिएको थियो तर अहिले यहाँ आई पुग्दा हामी यहाँ उभिँदाखेरि भू-जलाधार संरक्षण कार्यालयदेखि बाहेक त्यो पनि स्थापनाको प्रकृयामा छ भनी मैले सूचना पाएको छु। भू-जलाधार संरक्षण बाहेक कार्यालय बाहेक सबै कार्यालयहरु जिल्ला जिल्लामा स्थापना भएर आफ्नो काम सम्हालिसकेको मैले सूचना पाएको छु। म प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु। जनताको जनजिविकाको निम्ति जनताको कामको निम्ति प्रभावकारी बनाउनको निम्ति जुन आवश्यकता थियो त्यो आवश्यकता परिपूर्ति गर्ने काम सरकारले गरेको छ र त्यसले हिजोका कमिहरु हिजोका ग्यापहरु अब हटेको छ र कामलाई प्रभावकारी बनाउन सहज बनेको छ। बजेट कार्यान्वयन र योजनाहरु सम्झौता फरपार गर्ने काममा त्यसले महत्वपूर्ण भूमिका खेल्ने छ र त्यसको संकेत पनि केही देखि सकेको कुरा म अनुरोध गर्न चाहन्छु। कोभिड-१९ को महामारीको सामना गर्दै, अवरोधलाई छिचोल्दै, विकास योजनाको कार्यान्वयन अघि बढेको छ। कूल ३४ अरब ८४ करोड २१ लाख ६० हजार बजेट हाम्रो यो वर्षको आ.व.मा छ त्यसमध्ये अहिले प्रथम चौमासिकमै हामीले उल्लेखनीय सफलता प्राप्त गरेका छौं भनेर मैले रिपोर्ट पाएको छु म त्यता तिर धेरै जान चाहन्न। तर माननीयज्यूहरुले भने जस्तै यहाँ कार्यान्वयन नै भाछैन अथवा योजनाहरु नै कार्यान्वयन भाछैन भन्ने कुरा उहाँहरुको विषयलाई मैले प्रतिवाद गर्ने होइन तर म एउटा माननीयको हिसाबले के भन्न चाहन्छु भने सत्तापक्षको माननीयको हिसाबले भन्न चाहन्छु कि योजनाहरु कार्यान्वयन नभएको होइन हामीले खोजेको कुरा के हो भने जनताले खोजेको कुरा के हो भने तीव्र विकास र दिगो विकास, छिटो छरितो, ढिला सुस्तिको अन्त्य गर्ने, छरितो तरिकाले काम गर्ने छिटो काम गर्ने, छिटो कार्यान्वयन गर्ने त्यो अपेक्षा हो, तीव्र विकास र दिगो विकास जनताको चाहना हो। लामो समयदेखि हिजो विगतमा योजनाहरु त आए, नाम त आए, योजनाहरुको

नामहरु भए, बजेट पनि विनियोजन भयो तर कार्यान्वयन भएन। लामो समय त्यस्तो अवस्था भयो एउटा पुल बन्नको निम्ति, एउटा बाटो बनाउनको निम्ति, वर्षौंसम्म कुर्नु पर्ने अवस्था भयो। कसैले पनि त्यसलाई अनुगमन पनि नगर्ने, निरीक्षण पनि नगर्ने, कारवाही पनि नगर्ने। गरे पनि हुने, नगरे पनि हुने परिपाटी हिजो रहयो त्यो परिपाटीको अन्त्य जनताले चाहन्छन्। हामीले चाहेकाछौं। छिटो विकास दिगो विकास तीव्र विकास र दिगो विकास हामीले चाहेका छौं। त्यस कारण त्यही अर्थमा अहिले प्रदेश सरकारले छिटो भन्दा छिटो धेरै योजनाहरु अगाडि बढाई रहेको मैले महसुस गऱ्या छु। हुन सक्छ, हुन सक्छ केही योजनाहरु कार्यान्वयन नभएका होलान विभिन्न कारणले जग्गा प्राप्ति नभएको कारणले वा ऐन नियम कानूनहरु बनेको कारणले केही योजनाहरु कार्यान्वयन हुनमा ढिला सुस्ती भएको हुन सक्छ तर मैले पाएको रिपोर्ट अनुसार धेरै योजनाहरु कार्यान्वयन भई रहेका छन्। तपाईंलाई म स्याम्पलिङ्गको रुपमा मात्रै अगाडि सार्न चाहन्छु। म धेरै व्याख्या गर्न चाहन्न। अहिले हामीले यहाँ छलफल गर्दाखेरि एक निर्वाचन क्षेत्र एक सडकको कुरा गऱ्यौं। बहुवर्षीय योजनाको रुपमा कुरा गऱ्यौं। एक वर्षमा सम्पन्न हुने योजना होइन। बहुवर्षीय योजनाको कुरा गर्दाखेरि अहिले मैले पाएको रिपोर्टमा ३६ वटा योजनाहरु निर्माणाधीन छन्। एउटा योजना नार्फाभूमिको योजना प्रकृयामा छ भन्ने मैले जानकारी पाएको छु। स्थानीय तहको केन्द्र जोडने सडक, १७ वटा कार्यान्वयन गर्ने भनिएकोमा ११ वटा कार्यान्वयनमा छन्। ६ वटा प्रकृयामा छन्। स्थानीय तह केन्द्र जोडने सडक, झोलुङ्गे सडक पुल, ९७ वटा सडक पुल भनेकोमा ४३ वटा सडक पुल निर्माणाधीन छन्, ३३ वटा सडक पुल डिपिआर भई रहेको छ। १०५ वटा झोलुङ्गे पुल कार्यान्वयन गर्ने भनिएकोमा १०५ मध्ये ४ वटा सम्पन्न भएका छन्। ४४ वटा निर्माण र ४५ वटा डिपिआर भएका छन्। प्रदेश प्रशिक्षण भवनको डिपिआर तयार भएको छ। लामेआहालको बसपार्कको जग्गा प्राप्तिको प्रकृया अगाडि बढेको छ। एक घर एक धारा चाँहि धेरै योजनाहरु लगभग १०५५ योजनाहरु कार्यान्वयन छन् भन्ने मैले जानकारी पाएको छु। त्यसकारण यो जस्तै सिंचाईको, नदि नियन्त्रणको, अनि चाँहि उज्यालो प्रदेशको, सौर्य उर्जाको यी योजनाहरु कार्यान्वयन भएका। यातायात व्यवस्था कार्यालय पहिला थिएन। यातायात व्यवस्था कार्यालय पहिला नहुँदा पोखरामा आउनु पर्ने। दर्ता नवीकरण गर्दा पोखरामा आउनु पर्ने अवस्था थियो भने अहिले थप ४ वटा कार्यालय स्थापना गरेर ९ वटा यातायात व्यवस्था कार्यालय मार्फत नवीकरण गर्ने यातायात साधनहरुको नवीकरण गर्ने त्यसको चाँहि दर्ता गर्ने लगायतका कामहरु प्रभावकारी ढंगले भई रहेको मैले जानकारी पाएको छु र त्यस्तो गर्दाखेरि लगभग ७५ करोड भन्दा बढि राजश्व यहि वर्ष उठी सकेको कुरा मैले सुनें। त्यस कारणले यसको निम्ति म प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु। यी काम प्रभावकारी हुन। यो कामलाई प्रभावकारी होइन, कार्यान्वयन भएको भनेर मिल्दैन। यो कामलाई प्रभावकारी भन्न मिल्दछ। यी लगायत अहिले औद्योगिक ग्रामको स्थापना, त्यसपछि होमस्टे, पर्यटन गन्तव्य, पर्यटन त अहिले कोभिडको कारणले स्वाभाविक रुपमा कम छ। कोभिडको कारणले खुल्न सक्या छैन। प्रभावकारी हुन सक्या छैन। तैपनि पदमार्गको निर्माणहरु भई रहेका छन्। जिल्ला अस्पतालको सुदृढिकरण, जिल्ला जिल्लाको जिल्ला अस्पतालको सुदृढिकरण कार्यक्रम भई रहेको हामी पाउँछौं। पहिला, पहिला जस्तो जिल्ला अस्पताल जुन अवस्थामा थियो त्यो भन्दा बढि प्रभावकारी सरकार प्रदेश सरकारले त्यसलाई बजेट विनियोजन गरेपछि जिल्ला अस्पतालको स्थितिमा परिवर्तन आएर त्यहाँको जनताको उपचारमा प्रभावकारी स्थिति बढदै गएको हामीले देख्या छौं। आईसियू, भेन्टिलेटर लगायतका अक्सिजन प्लान्टहरु जोडनेक्रम बढेको छ। त्यसले गर्दाखेरि त्यहाँको अस्पतालले हिजोको जीवन भन्दा अझ फरक जीवनमा परिवर्तन भई रहेको हामीले पाएका छौं। त्यस्तै कृषि मोडल फर्महरु कृषिलाई व्यवसायीकरण गर्ने तिर कृषिले जोड दिएको कुरा हामीले देखि रहेका छौं र शैक्षिक विद्यालय अथवा विद्यालयहरुको गुणस्तर बढाउने कुरामा प्रदेश सरकारले भूमिका खेलि रहेको हामी देखि रहेको छौं। यस्तै सडक मानवमुक्त, सडकमा बेचारा भई रहेका मान्छेहरुलाई सडक मानवमुक्त बनाउने अभियान चलाएको यी आदि कुरा हामीले देख्या छौं। जहाँ बिजुली पुग्या छैन, सौर्य उर्जा मार्फत त्यहाँ बिजुली बाल्नेक्रम धेरै ठाउँमा सम्पन्न भई सकेको हामीले सुन्या छौं। यसले के देखाउँछ भने सरकारले आफ्नो गतिमा काम गरिरहेको छ। सरकारको क्रियाशीलता प्रति म धन्यवाद दिन चाहन्छु तर यति कुराले मात्रै पुग्दैन। सरकारको कामलाई अझ गतिका साथ अगाडि बढाउनु पर्छ। अझ क्रियाशीलताका साथ अगाडि

बढाउनु पर्छ। नभएका कामहरुलाई, ढिला भएका कामहरुलाई गतिका साथ अगाडि बढाउनु पर्छ। हामीले खोजेको धेरै प्रतिशत ९०-९५% को परिणाम हो। हामीले खोजेको टोटल वर्षभरीको ९०-९५% को परिणाम हो अझ १००% लगभग भन्दाखेरि ९०-९५ भए १००% हुन्छ। त्यो तहको कुरा हो। त्यसकारणले हामीले निर्वाहमुखी तरिकाले भन्दापनि परिणाममुखी तरिकाले, प्रभावकारी तरिकाले सरकारले काम गरोस्। सरकारले गरेको काममा हामीले कहाँ साथ सहयोग दिनु पर्छ हामी सहयोग दिन तयार छौं तर जनताले खोजेको हामी सबैले खोजेको योजनाहरु छिटो कार्यान्वयन हुन् । ढिलासुस्ति रोकियोस् त्यहाँ चाँहि काम गर्ने कुरामा लापरवाही रोकियोस् त्यहाँ परिणाम नआउने गरी, त्यसलाई अल्झाउने काम नहोस्। छिटो भन्दा छिटो काम होस् र प्रभावकारी काम होस् ताकि हामी सुखी नागरिक संमृद्ध प्रदेश बनाउने सत्तापक्ष प्रतिपक्ष हामी सबैको चाहना सुखी नागरिक संमृद्ध प्रदेश बनाउने हाम्रो जुन चाहना छ, त्यो चाहना पुरा गर्न सकियोस् भन्ने प्रतिपक्ष साथीहरुको पनि चाहना हो जस्तो मलाई लाग्छ। उहाँहरुले जुन घच्घचाउने कुरा गर्नु भाछ यो घच्घचाउने कुराले पक्कै पनि सरकारलाई बल पुग्छ भन्ने मलाई लाग्छ। यसले कमजोर बनाउने होइन सरकारलाई बल पुग्छ। आफ्ना सामु कमजोरीहरु, आफूले गरेका कामहरुलाई व्यक्त गर्ने कमजोरिहरुलाई सच्याउने र आफूले गरेका कामहरुलाई व्यक्त गर्ने भन्ने सदनमा भन्ने, सबैलाई जानकारी दिने एउटा अवसर पनि हो त्यसले यसलाई अन्यथा मान्नु पर्छ जस्तो मलाई लाग्दैन। यसले सरकारलाई बलै पुग्छ, मद्दतै पुग्छ भन्ने ठान्दछु। त्यसकारण म साथीहरुलाई यो कामको निम्ति पनि धन्यवाद दिन चाहन्छु र हामी आगामी दिनमा हाम्रो विकास निर्माणका योजनाहरुलाई अझ बढि

**(माननीय सदस्य समय सिद्धियो)**

बेला बेलामा समिक्षा गरेर, अर्धवार्षिक, त्रैमासिक समिक्षा गरेर, अझै प्रभावकारी बनाउने काममा हामी लाग्नु पर्छ लाग्ने छौं भन्ने विश्वासका साथ मेरो भनाई अन्त्य गर्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री आशा कोइराला। समय ७ मिनेट।

## माननीय आशा कोइराला

माननीय सभामुख महोदय, आजको यो विशेष अधिवेशनमा जरुरी सार्वजनिक महत्वको विषयमा छलफल गर्न म यहाँ उपस्थित भएको छु। प्रदेश सरकारको पहिलो कार्यकाल र सरकार संचालनको नयाँ अभ्यास भएकोले केही कमी कमजोरी सरकारका अवश्य छन्। विशिष्ट योजनाहरु समावेशी नै देखिन्छन्। अन्य योजनाहरुलाई पुर्नमूल्याङ्कन गर्ने र स्पष्ट कार्यविधि सहित अख्तियारी प्रदान गर्ने हो भने समयमा बजेट कार्यान्वयनको अवस्था मैले सन्तोषजनक पाएको छु। बहुवर्षीय योजना र वार्षिक विकास कार्यक्रममा उल्लेखित कार्यक्रमहरु कोभिड-१९ र बाढि पहिरोबाट सिर्जित समस्याले २०७६/०७७ र आर्थिक वर्ष २०७७/०७८ पनि प्रभावित बनेको छ। यसमा सरकारको विशेष ध्यान जान र यो समस्या हल गर्न जरुरी देखिन्छ। सहज ढंगले कार्यान्वयनको वातावरण बनेमा गण्डकी प्रदेश सरकार र यसले गरेका क्रियाकलापहरु उदहारणीय बन्न सक्छ भन्ने कुरामा मलाई विश्वास छ। माननीय सभामुख महोदय विकास र संमृद्धिको नयाँ यात्रामा उत्साहका साथ हामी हिंडिरहँदा राष्ट्रको राजनैतिक अवस्था अत्यन्त जटिल बनेर आयो। राष्ट्रिय राजनैतिक अवस्था राष्ट्र र जनताको हित विपरीत जाँदै गर्दा हामीलाई अत्यन्त पिडाको अनुभूति भई रहेको छ। प्रतिनिधि सभाको विघटन र मध्यावधि निर्वाचन असंवैधानिक र अलोकतान्त्रिक छ एवम् जनभावना र राष्ट्रिय आवश्यकता विपरीत पनि देखिन्छ। नेपाली जनचाहना विकास र संमृद्धि हो अनि राष्ट्रको आवश्यकता राजनीतिक स्थिरता र बलियो सरकार हो गत निर्वाचन मार्फत नेपाल र नेपाली जनताले दुबै कुरा प्राप्त गरेका थिए र यो प्राप्तिमा नेपाली जनतामा निकै ठूलो आशाको संचार भएको थियो तर विडम्बना जनमतको अत्यन्त ठूलो अपमान भएको छ र राष्ट्र प्रति अत्यन्त ठूलो घात भएको छ। अहिलेको अवस्थामा निर्वाचनमा

जानु लोकतान्त्रिक विधि हो भनेर लोकतान्त्रिक विधिको पक्षपोषण गर्दै गर्दा निर्वाचन स्वयम् प्रधानमन्त्रीको लागि समेत प्रतिउत्पादक हुने निश्चित छ। माननीय सभामुख महोदय, यसर्थ यो असंवैधानिक र अलोकतान्त्रिक एवम् प्रतिगामी कदम सच्चाएर प्रतिनिधि सभा सुचारु गर्नको लागि म माननीय सभामुख मार्फत प्रधानमन्त्रीज्यूलाई हार्दिक आग्रह गर्न चाहन्छु। कमजोरी रहित मान्छे कोही पनि हुँदैन। कमजोरी सच्चाउनु ठूलो कुरा हो। मलाई लाग्छ सम्माननीय प्रधानमन्त्रीले अन्जानमा यो निर्णय जनताले निर्वाचित गरेको प्रतिनिधि सभा विघटनको निर्णय अन्जानमा गर्नु भएको छैन। यो जानी जानी कुनै न कुनै ढंगले स्वार्थ प्रेरित भएर गर्नु भएको छ। किनकि संविधान निर्माण गर्नु एउटा महत्वपूर्ण व्यक्ति वर्तमान प्रधानमन्त्री पनि हो र स्वयम् सम्माननीय राष्ट्रपति पनि। यो संविधान र लोकतन्त्रले व्यक्ति होइन विधिलाई चिन्छ र मान्छ। प्रधानमन्त्रीज्यूको कदम व्यक्तिगत स्वार्थमा आधारित देखिन्छ। म भए सबै कुरा ठीक नत्र सबै कुरा गलत। प्रतिनिधि सभाको भारी बहुमत प्राप्त प्रधानमन्त्री र राष्ट्रको सबैभन्दा ठूलो पार्टीको अध्यक्ष एवं संसदीय दलको नेता, संसदबाट भाग्नु स्वाभाविक अवस्था देखिदैंन किनभने संसदमा गएर विश्वासको मत आर्जन गर्ने अवस्था र सम्भावना उहाँमा छँदै थियो। राष्ट्रपति राष्ट्रपति यो राष्ट्रको सर्वोच्च संस्था हो। संविधानको रक्षक पनि हो र पालक पनि हो। त्यसैले संविधानको रक्षक र पालकबाट समेत संवैधानिक अवस्थाको अपहरण गरेको भएपछि हामीले कोबाट कस्को अपेक्षा गर्ने? सभामुख महोदय, विभिन्न समय र परिस्थितिमा व्यक्त विचारहरुले कतै सत्तरी वर्षे कठिन संघर्ष र जनताको आँशु, रगत र पसिनाको योग स्वरुप प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र नै गुम्ने त होइन त्यस्तो खालको खतरा र आशंका हामीमा उत्पन्न भई रहेको छ। यो उल्टो यात्रा रोकेर सुल्टो यात्रा गर्नको लागि म यो सम्मानित प्रदेश सभा मार्फत प्रदेश सभाबाट माननीय सभामुख मार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई हार्दिक अनुरोध गर्दै सम्पूर्ण जनप्रतिनिधि र आम जनसमुदाय समक्ष हार्दिक अपिल पनि गर्न चाहन्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री खिमविक्रम शाही। समय ५ मिनेट।

## माननीय सभामुख

उहाँ बाहिर गएको बुझियो त्यसकारण उहाँको यसपछि हुन्छ।

## माननीय सभामुख

माननीय सदस्य श्री मिन प्रसाद गुरुङ। समय ९ मिनेट।

## माननीय मिन प्रसाद गुरुङ

माननीय सभामुखज्यू, आज हामी गण्डकी प्रदेश सभाको यो सम्मानित सदनमा महत्वपूर्ण विषयमा छलफल गर्न गई रहेका छौं। प्रदेश सभा नियमावलीको ७२ र उपनियम १ देखि ६ को क्षेत्राधिकार भित्र रहेर र त्यसको व्यवस्था अन्तर्गत यस प्रदेशका सम्मानित सदनमा कुनै पनि जरुरी सार्वजनिक महत्वका विषयहरु प्रवेश हुने र त्यसमा छलफल गरेर निक्यौल गर्ने जुन व्यवस्था छ। त्यसको अख्तियारी गर्दै त्यसको अवलम्बन गर्दै र त्यसको सम्मान गर्दै एक खालले भन्ने हो भने त्यस अन्तर्गत म आफ्ना विचारहरु प्रस्तुत गर्न सहमति सभामुखसँग हार्दिक अनुमति चाहन्छु। स्वाभाविक रुपमा विशेष अधिवेशनमा प्रदेशको जुन जरुरी सार्वजनिक महत्वको यहाँ आएको छ। यसले केही महत्वपूर्ण र दूरगामी सन्देशहरु पनि दिएको छ। अघि नै पूर्ववक्ता साथीहरुले भन्नु भए जस्तै हामी संघीयता आई सकेपछि, प्रदेश सरकार बनि सकेपछि, प्रदेशका ऐन, कानूनहरु निर्माण गर्ने क्रममा या संघीयतालाई संस्थागत गर्ने यो प्रकृयाको अभ्यासको क्रममा आज हामीहरु हामीले आफैले व्यवस्था गरेका ऐन कानूनहरुको क्रियाशीलतालाई हामी अगाडी बढाएका छौं र अझ महत्वपूर्ण कुरा प्रदेशमा जुन जरुरी सार्वजनिक महत्व आएको छ। त्यसले एउटा सकारात्मक सन्देश दिने प्रयत्न

पनि गरेको छ। स्वाभाविक रुपले यो ऐनको अभ्यास त छँदै थियो। त्यति मात्रै होइन सार्वजनिक महत्वको हामी राजनीतिक विभिन्न विचार पार्टीका कुराहरु ती धरातलहरु भन्दा माथि उठेर अहिले जुन खालले जनतामा, नागरिकमा राजनीति प्रतिको वितृष्णा, नेताहरु प्रतिको दृष्टिकोण, हेराईमा अनुभवमा, बुझाईमा केही अन्यौलताहरु देखि रहेको बेलामा हामी संधै वादविवाद मात्र होइन विचारहरुका प्रवाहहरुलाई हामी अन्तर्द्वन्द होइन। साँच्चै नै जनताका जनसरोकार जनजिविकाका कुराहरुलाई साझा रुपमा हामी प्रस्तुत हुन्छौं है। प्रदेश सभा एउटा त्यस्तो एउटा सम्मानित थलो हो जहाँ चाँहिने प्रदेशका नागरिकका सरोकारका विषयहरु, प्रदेशका विकास निर्माणदेखुन लिएर, त्यसका कार्यान्वयनका कुराहरु, जनजिविकाका, सरोकारका, स्वास्थ्य यी सम्पूर्ण महत्वपूर्ण कुराहरुमा पनि छलफल हुन्छ र छलफल मात्रै होइन, त्यसमा ऐकबद्धता पनि हुन्छ र यहाँ भएका चार वटै दलहरु त्यतिकै जनताप्रति जवाफदेही छन् भन्ने कुराको एउटा सन्देश पनि चोटिलो रुपमा दिएको म आफुलाई महसुस गर्दै छु। जसरी यो प्रस्ताव आई रहेको छ र माननीय विद्वान माननीयले आफ्ना भनाईहरु राखि राख्नु भाछ। मलाई के लाग्छ भन्दा जसरी प्रदेश सरकार स्थापना भई सकेपछि आफ्ना नीति कार्यक्रम सिद्धान्त र प्राथमिकतामा बजेटका कुराहरु आई राख्ने बेलामा स्वाभाविक रुपले हामी सुरुवातमै संमृद्ध नेपाल र सुखी नेपाली यो एउटा अहिले राष्ट्रको अभियान र जुन खालको एउटा सबैको साझा अवधारणा बनेको छ त्यही अन्तर्गत गण्डकी प्रदेशले पनि संमृद्ध गण्डकी प्रदेश र सुखी नागरिकको अभियानलाई त्यो लक्ष्यलाई निर्धारण गर्दै अगाडी बढदैको स्थितिमा प्रदेश सरकारले बजेटको सिमितताका कुरा छँदैछन्। अरु अप्ठ्याराहरु कर्मचारी व्यवस्थापन देखुन स्रोत साधनका कुराहरु पनि होला तैपनि सिमित स्रोत साधनलाई अधिकतम रुपमा प्रयोग गर्ने गरी विकास निर्माणका कुराहरु देखि लिएर सम्पूर्ण सरोकारका विषयलाई अगाडि बढाउने गई रहेको स्थितिमा स्वाभाविक रुपले यहाँ यही फोरमबाट थुप्रै चोटि प्रदेश सरकारको तर्फबाट र हामी माननीयहरुले पनि अनुभूत गरेका व्यक्त गरेका कुराहरु के थियो भन्दा शुरुको, शुरुको चरणमा हामीले चाहिने नियमहरु, कानूनहरु, व्यवस्थापनका कुराहरु, त्यसपछि हामीहरु कर्मचारी व्यवस्थापनका कुराहरु, यी कुराहरुलाई विस्तारै हामी संयोजन गर्दै अनि अब हामीहरु विकासलाई द्रुत गतिमा कार्यान्वयनको क्रमलाई अगाडि बढाउने क्रममा उभि रहेको क्रममा हामी कसैले पनि अपेक्षा नगरेको। हामी कसैले पनि नसोचेको एउटा स्वाभाविक रुपले विश्वको विकास, विज्ञानलाई पनि प्रभावित गर्ने र मानव सभ्यताकै चुनौतिको रुपमा कोभिडको जुन खाले प्रवेश हाम्रो देशमा मात्र नभई विश्वमा भयो त्यसले स्वाभाविक रुपमा सबै क्षेत्रलाई विकास निर्माण देखुन हाम्रो प्रदेश मात्र होइन कि सम्पूर्ण देशलाई प्रभावित गऱ्यो। यस्तो भई रहँदापनि मलाई लाग्छ मैले यहाँ भनिराख्नु पर्दैन कि गण्डकी प्रदेश मात्रै एउटा यस्तो सरकार भयो जसले त्यसको आवश्यकता चुनौतिलाई सामना गर्दै साँच्चै नै विकास निर्माणलाई त्यसलाई त्यो कोभिडलाई पनि हामी जीवन पद्धतिसँग सहकार्य गरी अगाडि बढनु पर्छ भनेर एउटा बोल्ड निर्णय गरेर अगाडि बढने क्रमले मलाई लाग्छ केही परिणामहरु अहिले आएका छन्। केही परिणामहरु देखिएका छन्। स्वाभाविक रुपले यहाँसँग भनी रहँदाखेरि विकास भनेको तथ्याङ्कमा मात्रै आधारित गर्नुपर्ने कुरा होइन होला के। मलाई लाग्छ अर्को तर्फ विकास भनेको एउटा अनुभूतिको कुरा पनि हो। जनताले अनुभूत गर्नुपर्ने कुरा हो। यो यति प्रतिशत र उति प्रतिशत हिजो हामी थुप्रै यस्तो चाँहि तथ्याङ्कहरु हेरेर आयौं तर परिणाम के देखियो ग्राउण्ड लेभलमा अनि अर्कोतिर जनताले अनुभूत के गरे भन्ने कुरा महत्वपूर्ण कुरो हो भन्ने मलाई लाग्छ। यही सन्दर्भमा म निवेदन गर्न चाहन्छु। यहाँहरु चाहिने यदि चाहिने यता स्याङ्गजातिर जानु हुन्छ र अहिलेनै एक धारा एक चाहिने खानेपानीको कुरा, एक घर एक धाराको कुरा गर्नुहुन्छ भने तपाईहंरुलाई थाहा छ सिरुबारी भन्ने पर्यटकीय पहिलो ग्रामिण पर्यटनको गाउँ, त्यहिंको नेरा घरामा हिले चाँहि चापानी भन्ने एउटा खानेपानी लिफ्टिङ्ग खानेपानी आयोजना छ जहाँ चाहिने मान्छेहरु त्यहाँ ५० प्रतिशत भन्दा १५०-२४२ घरधुरीमा १५० को दलितको बस्ति छ। त्यहाँको जनताले आधी घण्टा भन्दा बेसी चाहिने के छ भन्दा खानेपानी भरेर खान पऱ्थ्यो। त्यो समय लाग्थ्यो अहिले घर घरमा चाहिने यहि आर्थिक वर्षको बजेटले त्यसलाई सम्पन्न भएर उदघाटनको तरखरमा बसी रहेको छ। त्यति मात्र होइन एक निर्वाचन क्षेत्र एक सडक अन्तर्गत यहाँहरुलाई म निवेदन गर्छु। स्याङ्गजाकै चाहिने हाम्रो दिपक माननीय आज हुनुहुन्न आई राख्नु भाछ भखरै उहाँकै निर्वाचन क्षेत्रमा ४ किलोमिटर सडक कालोपत्रे भएर त्यहाँ २ घण्टा सदरमुकाम आउन पर्ने जनताले अहिले चाहिने आधी घण्टामा त्यहाँ आएर एउटा राहतको साँस फेरिराखेको छ के यो

परिणाम भएन? यो जनताको अनुभूतिको कुरा हो के यो। विकास चाहिने तथ्याङ्क यति प्रतिशतसँग सरोकार कति प्रतिशत राख्ने कुरा को हो। अर्को तर्फ मलाई के लाग्छ भन्दाखेरि विकास चाहिने प्रकृयाको कुरा, कार्यान्वयन भन्ने कुरा, हामी विधि सम्मत्तको कुरा गर्छौं। विधिका कुरा गर्छौं, प्रकृयाको कुरा गर्छौं हुन त हो हाम्रो विकास निर्माणका कुराहरु धेरै प्रकृयागत भए र परिणाममुखी भएन भनेको एउटा गुनासो एउटा छलफल बहसको विषय हुन सक्छ तर विद्वान माननीयज्यूहरुलाई म के निवेदन गर्न चाहन्छु भन्दाखेरि विकास अर्थात बजेट कार्यान्वयनको निश्चित प्रकृया होलान् हामीले त्यो बजेट प्रकृयालाई अवलम्बन नगर्ने हो भने विधि सम्मत किसिमले नजाने हो भने पनि त्यहाँका फेरी अरु कानूनी थुप्रै अडचनहरु र अप्ठयाराहरु पनि छन् स्वाभाविक रुपमा झेल्न पर्ने र त्यहींदेखि बेरुजु देखुन लिएर भ्रष्टाचारका कुराहरु स्वाभाविक रुपले आउलान् त्यसो भएको हुनाले निश्चित विधि र प्रकृयामा जाने क्रममा मलाई लाग्छ बजेट विनियोजन भई सकेपछि त्यसका टेण्डरका प्रकृया होलान्। कार्यविधि बनाउने कुरा होलान् अनि यी कुराहरु बजेट कार्यान्वयनको पाटो हो कि होइन ? म प्रश्न सोध्न चाहन्छु विद्वान माननीयहरुलाई यो प्रकृया हो कि होइन? साँच्चै नै ग्राउण्डमा गएर माटो खन्ने, डोजर लगाउने मात्रै विकास कार्यान्वयनको प्रकृया या परिणाम हो कि ? या चाहिने त्यसलाई चाहिने बजेट अलोकेशन भई सकेपछि त्यहाँनिर चाँहि कार्यविधि बन्ने देखुन लिएर त्यहाँ सूचना प्रवाह टेण्डर प्रवाह गर्ने, सम्झौता गर्ने यी कुराहरु पनि विकासका कार्यान्वयनको प्रकृया हो कि होइन ? यो कुरा त्यसो भएको हुनाले स्वाभाविक रुपले यी प्रकृयाहरुमा गई रहने बेलामा मलाई लाग्छ जस्तो स्याङ्गजा जिल्लाकै मलाई धेरै अरु प्रदेश भरीको मलाई थाहा छैन तर स्याङ्गजा जिल्लाकै कुरा गर्ने हो भने पनि यो आर्थिक वर्षमा छुट्टाइएका बाटोका ५१ वटा योजनाहरु थिए भने ४९ वटा योजना चाहिने टेण्डर भएर सम्झौताको प्रकृयामा छ र दुई वटा योजनाहरु अब चाहिने टेण्डरको प्रकृयामा छ। त्यसलाई बजेट कार्यान्वयनको प्रकृया मान्ने कि नमान्ने अर्थात् प्रतिशतको हिसाबमा त्यो आउँछ कि आउँदैन ? पुलकै कुरा गर्ने हो भने गत वर्ष चाहिने देखुन लिएर अहिलेको यहि आर्थिक वर्षको बजेटहरु पनि कार्यान्वयन हुने क्रममा छ। ६ वटा मोटरेबल पुल उदघाटनको तयारी भएर बसेको छ। त्यसो भाको हुनाले मलाई लाग्छ। हामीले कुनै पनि कुराहरुलाई गर्ने बेलामा ग्राउण्ड रियालिटीको कुरा अनि सृष्टि र सिर्जनालाई चाहिने के त भन्दा हेर्ने त्यो दृष्टि दोष भयो भने अलिकति अप्ठ्यारो हुन्छ। म निवेदन गर्न चाहन्छु। जस्तै त्यस्तै गरेर कृषिकै सन्दर्भको कुरा गर्ने हो भने अहिले हाम्रो प्रदेशकै कुरा गर्ने बेलामा पनि दुध, अण्डा, मासुमा चाहिने प्रदेश सरकार आत्मनिर्भर भएको छ। के यो उपलब्धि हो कि होइन? यो चाहिने बजेटको कार्यान्वयन हो कि होइन ? यस सरकारले होला अण्डाको कुरा चाहिने देश चाहिने आत्मनिर्भर भई सक्यो तर मासुको कुरा गर्ने अनि

**(माननीय सभामुख - माननीय सदस्य समय सिद्धियो)**

दुधको कुरा गरी रहने बेलामा गण्डकी मात्रै त्यस्तो प्रदेश हो जो चाहिने के त भन्दा आत्मनिर्भर भाछ। त्यसो भएको हुनाले यो ८६% जनसंख्या कृषिमा आधारित भई रहेको बेलामा या चाहिने त्यससँग सम्बन्धित भएको हुनाले र २८% भन्दा नि बेसी कृषिले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुऱ्याउने भएको हुनाले पनि यी विषय पनि त्यतिकै मुख्यमन्त्री नमूना गाउँहरु सिंचाईको कुरा होलान् बिउ बिजनका कुरा देखुन लिएर उन्नत नश्लको यी थुप्रै कुराहरु अहिले त्यो कार्यान्वयनको चरणमा गई रहेको छ। सभामुख महोदय, अन्तमा जे होस् यो चाहिने सार्वजनिक महत्वको प्रस्तावले हामी फेरी पनि अहिले यो चाहिने गण्डकी प्रदेश सभा एकजुट भएका छौं र जनताका सरोकारहरुलाई हामी चाहिने सामुहिक रुपमा उठाइ रहेका छौं र साँच्चै नै गण्डकी प्रदेशका चाहिने आम नागरिकहरु जो हामीलाई यो आफ्नो अमूल्य अभिमत दिएर यो ठाउँमा पठाउनु भएका पुऱ्याउनु भएको छ, उहाँहरु प्रति अहिले हामीतिर एउटा श्रद्धाका भावले हेरिरहेको यो मलाई यो महसुस भईरहेको छ। यही भन्दै आफ्ना विचारलाई अन्त गर्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री खिमविक्रम शाही। समय ५ मिनेट।

## माननीय खिमविक्रम शाही

सभामुख महोदय, यो विशेष अधिवेशनको सन्दर्भमा धेरै भूमिका नबाँध्दै सर्वप्रथम, २०७७ को वर्षातको कारणले बाग्लुङ्ग जिल्लाको ढोरपाटनमा ठूलो जनधनको क्षति भएको थियो। यस्ता घटनाहरु गण्डकी प्रदेशका विभिन्न जिल्ला गाउँ ठाउँहरुमा भएका थिए। यिनी र यस्ता ठाउँहरुमा मानवहरु पालमुनि बस्नु परेको छ। विद्यालय नभएकोले विद्यार्थीहरु बाहिर चौरमा बसेर पढन बाध्य छन्। स्वास्थ्य संस्थाहरु नभएकाले उपचारमा कठिनाई भएको छ। विद्युत नभएकोले अन्ध्यारोमा बस्नु परेको छ। कुरा गर्न पाइएको छैन। खोलाको वारिपारि गर्न पुलहरु बगाई दिएको कारणले खोलाले पुलहरु बगाईरहेको कारणले अप्ठ्यारो भई रहेको छ। पिउने पानीको समस्या छ। यी ठाउँहरुमा माननीय मुख्यमन्त्रीज्यू र अन्य मन्त्रीज्यूहरु पनि पुग्नु भयो। अहिलेसम्म साँच्चै भन्ने हो भने तत्काल केही राहत बाहेक निर्माणको काम शुरु भएको छैन। आधा हिंउँद गई सक्यो। अझै ढिला गर्ने हो भने त्यस ठाउँका जनताहरुको जीवन अरु कष्टकर बन्न जान्छ। त्यसकारण माननीय सभामुखज्यू उपरोक्त समस्याको समाधान गर्न गण्डकी प्रदेश सरकारलाई विनम्र अनुरोध गर्छु। यी त भए आकस्मिक घटनाबाट उब्जेका समस्याहरु आर्थिक वर्ष २०७७/०७८ को विकास निर्माणको कार्यक्रम अन्तर्गत विभिन्न योजनाहरु बेलैमा शुरु गर्ने र बेलैमा सम्पन्न गर्ने भनेर प्रदेश सभा तथा गण्डकी प्रदेश सरकारले वाचा गरेको छ। नियमित योजना तर्फ पनि आर्थिक वर्ष २०७६/७७ को अधिकांश ठेकेदारहरुले समयमा काम गर्न नसकेकोले सम्बन्धित योजनाबाट लाभान्वित उपभोक्ताहरु मर्कामा परेका छन्। त्यस्ता समयमा काम सम्पन्न नगर्ने ठेकेदारहरुलाई अहिलेसम्म केही कारवाही गरेको छैन। राम्रो काम गर्नेलाई प्रोत्साहन र नगर्नेलाई सजाय दिन जरुरी छ। सजाय पनि दिन जरुरी छ। माननीय सभामुखज्यू २०७७/०७८ को निर्माण कार्य पनि यस्तै पो हुने हो कि समिक्षा गर्न त बाँकि छ पछि गरौंला आर्थिक वर्ष २०७६/७७ को भन्दा अग्रगतिमा गएर विकास निर्माणका कार्यक्रमहरु शुरु गर्न सम्पन्न गर्न र अर्को कुरा जुन ठाउँमा जुन गाउँमा जुन कार्यक्रम गर्ने हो त्यो ठाउँको स्थलगत निरीक्षण गरिनु पर्छ। किनभने कतिपय कार्यक्रमहरु सम्पन्न भए तर हुन पर्ने ठाउँमा भए कि भएन? थाहा पाउन जरुरी छ। कतिपय निर्माणका कार्यहरु पूरा भए तर हुनु पर्ने ठाउँमा भएका छैन जस्तै होमस्टे संकलन केन्द्र आदि योजनाहरु सम्पन्न भए तर लाभान्वित मानिसको पहुँचमा भएका छैनन् कतिपय त व्यक्तिको आफ्नो घर भएका छन्। यी त उदहारणका लागि मात्र पेश गरेको छु। अन्य कार्यक्रमहरु पनि सम्पन्न नभईकन फछयौट पो भएछन् कि हुने हुन कि? त्यस कारणले गर्दा यस आर्थिक वर्षको विकासको निर्माण कार्यक्रम सबै कार्यक्रम बेलैमा शुरु गर्न र पूरा गर्न प्रदेश सभामा वाचा गरे जसरी वाचा पूरा गर्न गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्दै मेरो भनाईको अन्त्य गर्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री दीपक कोइराला। समय ७ मिनेट।

## माननीय दीपक कोइराला

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभाको यो विशेष अधिवेशनमा हामी छलफल गरिरहेको सार्वजनिक, जरुरी सार्वजनिक महत्वको विषय माथि हामी छलफल गरिरहेका छौं। म सबभन्दा पहिला त यसको प्रस्तावक समर्थक माननीयज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु किनकि यो प्रदेश सभामा छलफल हुनुपर्ने एउटा महत्वपूर्ण विषय हो। मैले अर्थ तथा विकास समितिका सभापतिको रुपमा काम गरिरहँदा यो मामिलामा धेरै पटक माननीय मन्त्रीज्यू यहिं अगाडि हुनुुहुन्छ। मन्त्रीज्यूहरु, मन्त्रीज्यूहरुसँग या सचिवज्यूहरुसँग या सम्बन्धित मन्त्रालयसँग सबभन्दा धेरै चासो राखिएको र सबभन्दा धेरै छलफल चलाइएको यो विषय हो कि हाम्रो बजेट कार्यान्वयनको अवस्था। हामी किन बजेट हामीले समयमा कार्यान्वयन गर्दैनौं ? किन यो बजेट हामीले समयमा कार्यान्वयन गर्ने र परिणाम दिन सक्दैनौं ? भन्ने बारेमा सबैभन्दा धेरै समितिले चासो राखेको विषय हो।यो विषयमा विशेष ध्यान

केन्द्रित गरेर माननीयज्यूहरुले यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर्नु भयो र आज हामी यो विषय सदनको विषयको रुपमा छलफल गरी रहेका छौं।  म उहाँहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। म धेरै तथ्याङ्क तिर जान्न किनकि तथ्याङ्कहरु आई सकेको छ र तथ्याङ्कको सन्दर्भमा अधिल्ला अधिवेशन यहाँ समितिको बैठकको सन्दर्भमा पनि धेरै पटक यो बारेमा चर्चा चलाइएको छ र बजेट कुन वर्ष कति प्रतिशत बजेट खर्च भयो भन्ने कुरा हामीलाई सबै थाहा छ। अहिले मैले यहाँ भनी रहनु पर्छ जस्तो मलाई लाग्दैन र पूर्ववक्ता माननीयहरुले पनि तथ्याङ्क यहाँ पेश गरी सक्नु भएको छ। म तथ्याङ्क तिर जाँदिन किनकि हाम्रो बजेट कार्यान्वयन बजेट निर्माण र कार्यान्वयनको ट्रेण्डलाई हामीले हेर्ने हो भने हामीले आज संघीयता गणतन्त्रको जे कुरा गरिरहेका छौं त्यो चेन्ज गर्न सकिरहेका छैनौं। मेरो पहिलैदेखि यो विषय हो कि हामीले हाम्रो बजेट निर्माणको योजना तर्जुमा या योजना निर्माण गर्ने तरिकाको बजेट कार्यान्वयन गर्ने तरिकामा हामीले केही अन्तर गर्न किन सकि रहेका छैनौं यो गम्भीर प्रश्न छ, त्यसकारण हामीले हामीले समयमा बजेट खर्च गर्न सक्दैनौं मात्र होइन हामीले योजनाको निर्माण गर्दाखेरि सरकारले नीति तथा कार्यक्रम बनाउँछ तर बजेट त्यो अनुसार आउँदैन हुन त आज यो विषयसँग सम्बन्धित मन्त्रालय भनेर आर्थिक मामिला तथा योजना मन्त्रालयलाई भनिएको छ तर माननीय मन्त्रीज्यू मात्रै उपस्थिति हुनुहुन्न अरु मन्त्रीहरु उपस्थित हुनुहुन्छ खैर त्यो के कारणले हो मेरो विषय त्यो तर्फ होइन सन्दर्भले मात्रै मैले भनेको हो। हामीले बजेट बनाउँछौं नीति तथा कार्यक्रम बनाउँछौं तर त्यो अनुसारको बजेट बनाउँदैनौं अनि हामीले कार्यान्वयन कसरी समयमा गर्न सक्छौं? प्रश्न त्यहींका शुरु छ। हाम्रो यसमा सैद्धान्तिक रुपमा मिस्टेक छन् हामीले प्राविधिक कुरा मात्रै उठाएर हुँदैन। हामीले भन्यौं हाम्रो अस्थिरताको कारणले हामीले बजेट समयमा खर्च गर्न सकेनौं हो? हामी स्थिरताको निमित्त सरकार बनायौं तर देशको कार्यकारी प्रमुख नै त्यो प्रति इमानदार छैन भने हामी समयमा बजेट कसरी खर्च गर्छौं? गम्भीर प्रश्न यहाँनिर हो। तथ्याङ्कले के दिन्छ भन्ने कुरा होइन । तथ्याङ्कहरु आफ्नो ठाउँमा छन् । मैले यो भन्दा अघि पनि भन्या छु कि माननीय मन्त्रीज्यूहरु या राजनैतिक नेतृत्वहरुलाई उदघाटन र शिलान्यासमा व्यस्त हुन मन लाग्ने र हाम्रो, हाम्रो ब्युरोक्रेटिक जे सिस्टम जुन छ जो पञ्चायत कालदेखिको जुन लिगेसी कायम छ त्यसले खाली कागजपत्र पढने काम मात्रै गर्ने हो भने हामी समयमा  बजेट खर्च गर्न सक्दैनौं। त्यस कारण यो कुरा यो कुरा खाली हामीले असार १ गते बजेट आउँछ। असार १ गते अनिवार्य बजेट ल्याई सकेपछि समयमा कार्यान्वयन हुन्छ भनेर भन्या थियौं नि त?  किन भएन?  भन्ने यसमा केही सैद्धान्तिक मिस्टेकहरु छन्। यसमा केही इमान्दारिताहरु छन्। आज हामीले समयमा बजेट पनि ल्यायौं असार १ गते बजेट आउँछ। बजेटको सार्वजनिक खरिद ऐनमा पनि हामीले आवश्यकता अनुसार पनि मापन गऱ्यौं त्यसले पनि हामीलाई समयमै काम गर्न भनी रहेको छ। सबैलाई त काम दिई राखेकै छ। सबैले काम गरिराखेकै छ त तर किन समयमा काम हुँदैन भन्दा हामी इमानदार छैनौं। हाम्रो इमानदारिता हाम्रो इमानदारिता सबैको इमानदारिता प्रति केही न केही प्रश्न चिन्ह उठेको छ।किन  उठदैन त? असार १ गते बजेट ल्याउँदाखेरि आजको दिनमा आई पुग्दाखेरि आधी वर्ष बित्दाखेरि १२% बजेटको कार्यान्वयनको अवस्था। हुन त यहाँ माननीयज्यूहरुले, मन्त्रीज्यूले धेरै व्याख्या पनि गर्नु भयो, स्पष्टिकरण पनि दिनु भयो उहाँहरुलाई धेरै थाहा होला। मलाई त त्यो कुरो थाहा भएन। एउटा सांसदको हैसियतले त्यो थाहा हुने कुरा पनि भएन तर कति कार्यान्वयन भएको छ? आजको दिनमा १४%, १२% कार्यान्वयन गर्ने समय हो? यहाँ भनिन्छ कि असारमा बजेट धेरै खर्च हुन्छ। ४०-५०%  बजेट असारमा खर्च हुन्छ। यहाँ स्पष्टिकरण दिइन्छ असारमा हामीले चेक काटेर भुक्तानी गर्नुपर्ने भएको कारणले त्यो देखिएको हो। ए ठीक छ असारमा हामीले भुक्तानी दिनुपर्ने कारणले धेरै देखिएको कुरा त हामीले बुझ्यौं तर असारको जेठको झरीमा राति टर्च लाईट बालेर गाडीको लाइट बालेर पिच गर्दै गरेको पनि त्यो के त्यो के के प्रवृत्ति त्यो के ट्रेण्ड हो हाम्रो ? त्यस कारण हामी सबभन्दा पहिला हाम्रो व्यवस्था प्रति इमानदार छैनौं। हाम्रो व्यवस्था प्रति इमानदार छैनौं। जब हामी हाम्रो व्यवस्था प्रति इमानदार छैनौं भने बजेट कार्यान्वयनमा किन, समयमा किन कार्यान्वयन भएन भनेर प्रश्न गरेर यसको हल हुन सक्दैन। त्यस कारण हाम्रा शासकहरु बरु मैले निकाले निष्कर्ष के भने हामीले नियम जतिसुकै राम्रा बनाए पनि नियम राम्रो भएर हुँदो रहेनछ। नियत राम्रो भएका शासक हुनुपर्दो रहेछ। नियत राम्रो भयो भने, राम्रा नभएका कानूनहरुलाई पनि मिलाउँदो सकिदो रहेछ। नियम राम्रो भएर के गर्ने नियतै खराब भएपछि। नियम त हामीले राम्रो बनाएको हो नि।

यही बजेट समयमा खर्च भएन भनेर हामीले असार १ गते बजेट ल्याउनु पर्छ भनेर संविधानमा लेख्यौं। त्यही नियत खराब भएको कारणले बेला न कुबेला प्रधानमन्त्रीले निर्वाचनमा देशलाई ढकेलिदेला भनेर प्रधानमन्त्रीले जति बेला पायो त्यतिबेला प्रदेश प्रतिनिधि सभा भङ्ग गर्न नपाउने नियम बनायौं तर यहाँ त के भयो खराब नियत भएपछि त्यो पनि हुँदो रहेछ। हुँदा हुँदा त्यसको व्याख्या मज्जाले माननीय मुख्यमन्त्रीज्यूले यहाँ व्याख्या गर्नु भाछ। असंवैधानिक कदमको त्यो जे कुरा गर्नु हुँदैन संविधानमा त्यहो कुरा गर्नु भयो प्रधानमन्त्रीज्यूले त्यसैको व्याख्या गरिराख्दा मुख्यमन्त्रीज्यूले भने त्यहाँबाट हामीले बजेट समयमा कार्यान्वयन होला। हाम्रा प्रदेशका नागरिकहरुले यहाँ चाहिने कानूनी रुपमा या अरु ढंगले सबै कुरा पाउलान भन्ने कुराको अपेक्षा गर्न सकिदैंन त्यो त सबभन्दा पहिला दृष्टिकोणको कुरा हो। दृष्टिकोण सहि वा गलत हुनुले मात्रै कार्यान्वयन सही वा गलत हुन्छ भन्ने कुरा निर्धारण गर्दछ। दृष्टिकोणको कुरा हो त्यस कारण आज हामीले जति राम्रा कानून बनाएका छौं। जति किन भएन त? समयमा बजेट ल्याउँदा पनि किन कार्यान्वयन भएन त बजेट? भनेर खोज्यो भने के त्यसमा, त्यसमा के कुरा जोडिन्छ भने यो व्यवस्था प्रतिको यो व्यवस्था प्रतिको इमानदारिता छैन। जो आज, जसले आज शासन गरी राखेको छ। उसको यो इमानदारिता प्रति केही न केही प्रश्न चिह्न उठेको छ। त्यस कारण इमानदार बन्नुस सबै कुरा। त्यसकारण हाम्रा शासकहरु इमानदार हुने बित्तिकै यी सबै कुराहरु समयमा, समयमा कामहरु हुन सक्दछन् जस्तो मलाई लाग्दछ त्यसकारण, त्यसकारण हामी हाम्रो प्रदेशको सन्दर्भमा कुरा गर्दै गर्दा बजेट कार्यान्वयनको अवस्था जसरी हामीले अघिल्ला वर्षहरुमा विभिन्न कारणहरु देखाउँदै आयौं। आज पनि दस महिना, कोभिडको पनि दस महिना पछि, कोभिड भएको, गएको आर्थिक वर्षको अन्तिममा हो तर दस महिनासम्म कति प्रतिशत खर्च भएको थियो भन्ने कुरा तथ्याङ्क यहाँहरुले नै निकाल्नु भएको हो। त्यो तथ्याङ्क मैले भनेको होइन, त्यो तथ्याङ्क सदनले पनि भनेको होइन। त्यो तथ्याङ्क मन्त्रीज्यूहरुले, आर्थिक मामिला मन्त्रालयले भनेको तथ्याङ्क हो। कति खर्च गर्यौं त हामीले दस, दस महिनामा कति गर्या थियौं त ? गर्या थिएनौं। आज पनि हामीले आज ६ महिनामा कति खर्च गरी राख्याछौं त। त्यसकारणले अब खर्च गर्ने कुरा मात्रै होइन। यो बर्ष अब आर्थिक आगामी हुन त वैशाखमा निर्वाचन हुँदैन तैपनि निर्वाचन गर्ने भनेर अर्बो रुपयौं निर्वाचन खर्च गर्ने हो भने माननीयज्यूहरु आज सार्वजनिक महत्वको प्रस्तावको बारेमा छलफल गरेर समयमा बजेट खर्च गर्नुस भनेर हो त्यो

**(माननीय सभामुख-माननीय सदस्य समय सिद्धियो)**

प्रदेश सरकारले भनी रहनु केही अर्थ छैन किनकि त्यसले पैसानै पाउँदैन त्यो पैसा त निर्वाचनमा लाउँछ। कसरी कहाँ खर्च गर्छ सरकारले? प्रदेश सरकारको आफ्नो आम्दानी कति हो? अनि संघीय सरकारले दिने अनुदान कति हो भन्दा त्यो अनुदान जम्मै निर्वाचनमा लाउने सुरमा सम्माननीय प्रधानमन्त्रीज्यू त्यसकारण व्यवस्था प्रति इमानदार हुनुस्। नियम प्रति इमानदार हुनुस् । त्यसकारण नियत खराब नराख्नुस्। समयमा हामी बजेट खर्च गर्न सक्छौं। धन्यवाद। नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री बिन्दु कुमार थापा। समय ८ मिनेट।

## माननीय बिन्दु कुमार थापा

सभामुख महोदय, आज हामी माननीय ललितकला गुरुङ्गद्वारा प्रस्तुत जरुरी सार्वजनिक महत्वको प्रस्ताव उपर छलफलमा जुटेका छौं। गण्डकी प्रदेशले यो पहिलो अभ्यासको रुपमा विशेष अधिवेशन र त्यसपछि यो जरुरी सार्वजनिक महत्वको प्रस्तावको विषयमा हामी पहिलो पटक छलफलमा जुटिरहेका छौं। गण्डकी प्रदेश सरकारले बजेट निर्माण गर्ने सवालमा धेरै जनताहरुलाई मिठो मिठो सपनाहरु देखाउने बजेटमा पनि ल्याउने रातो किताबमा पनि ल्याउने त्यसपछि कार्यान्वयन नहुने यो एउटा पुरानो रोगको रुपमा देखिराखेको छ। म केही बुँदाहरु यहाँ राख्न चाहन्छु। जुन कुन अवस्थामा यी बजेटहरु हामीले रातो किताबमा त ल्यायौं तर ती कुन अवस्थामा छन् ? भन्ने

यो सम्बन्धित मन्त्रालयका मन्त्रीज्यूहरुलाई चाँहि मेरो जिज्ञासा रहेको छ। पूर्व विद्वान माननीयज्यूहरुले पनि धैरै कुराहरु यहाँ राखिसक्नु भएको छ। तिनलाई म दोहोऱ्याउन चाहन्न। ती बाहेकका केही योजनाहरु म राख्न चाहन्छु यो सम्माननीय सभामा। सभामुख महोदय, यी बुँदाहरु जो यो अहिलेको सत्तर अठहत्तरको बजेटमा उल्लेख भए तर यी योजनाहरु कहाँ कुन अवस्थामा छन्? कार्यविधि बने कि बनेनन् ? टेण्डरमा गए कि गएन भन्ने विषयमा मेरो जिज्ञासा रहेको छ। विदेशबाट फर्केका र प्रदेशमा बेरोजगारी भएकालाई बिउ, पुँजी तथा प्रविधिमा अनुदान १५ करोड भनेर छुट्टयाइएको छ। कोभिड–१९ लक्षित पर्यटन प्रवर्द्धन विकास कार्यक्रम भनेर २ करोड ५ लाख रुपैया छुट्टयाइएको छ। उद्योग ग्राममा पूर्वाधार स्तरोन्नती भनेर ७५ लाख रुपैया छुट्टयाइएको छ। कस्तुरी मृग संरक्षण तथा प्रजनन् विकास कार्यक्रम भनेर १ करोड ५० लाख रुपैया छुट्टयाइएको थियो। कारागार कार्यालयको भौतिक पूर्वाधार स्तरोन्नती भनेर ७५ लाख रुपैया, स्कि खेल प्रवर्द्धन १० लाख, गल्फकोर्सको जग्गा प्राप्ति तथा डि.पि.आर.को लागि भनेर बहुक्षेत्रीय पोषण कार्यक्रमको सुदृढिकरण १ करोड ५० लाख, विद्युतीय चुलो प्रयोग सम्बन्धी अध्ययन १० लाख रुपैया, कोभिड–१९ को प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन भनेर १९ लाख ५५ हजार, व्यवसाय जीवन रक्षाकोष १ अर्ब, यो कोभिड–१९ ले प्रभावित उद्योगी व्यवसायीहरुको लागि सपोर्ट गर्ने भनेर छुट्टयाइएको हो। माननीय मुख्यमन्त्रीज्यूँसँग एउटा स्ट्रिट फेस्टिवलको बेलामा मुख्यमन्त्रीज्यूले त्यो कार्यक्रममा भनि राख्नु भाको थियो। यसको चाँहि यो व्यवसाय जीवन रक्षाकोष १ अर्बको चाँहि कार्यविधि अन्तिम चरणमा पुगेको छ। अब छिट्टै नै कार्यविधि बनेपछि यो वितरण गर्ने प्रकृया चाँहि शुरु हुन्छ कार्यविधि अनुसार भनेर भनिराख्नु भाको थियो। यसो भनिराख्दाखेरि यो ६ महिना यो पौष महिनापनि अब सिद्धिनलागि सक्यो। यो आर्थिक वर्षको ६ महिना सिद्धि सकेको छ अब बाँकि ६ महिनामा अब हामीले कत्ति नै काम गर्छौं। त्यसपछि त बैशाख जेठबाट त बर्खापनि शुरु भई हाल्छ र बर्खामा उहि फेरि अघिल्लो अघिल्लो वर्ष जस्तै असारे विकास यसपाली पनि यो कन्टिन्यू नै हुने हामी चाँहि महसुस गरेका छौं र यो पोखरा बसपार्क, पोखरा बसपार्क यो धैरै वर्ष अगाडिदेखिको यो मेयरहरुको पनि नारा पनि हो र यो प्रदेश सरकार बनि सकेपछि पनि पहिलो वर्षबाटै यो बसपार्कको कुराहरु उठी राखेको छ तर अहिलेसम्म हामी जिरो लेभल नै छौं। केही पनि अगाडि बढेको छैन र केही योजनाहरु अघिल्लो अघिल्लो वर्षपनि यो सपना जनताहरुलाई सपना देखाइयो तर चाँहि ती पुरा नभएका केही कुराहरु म यहाँ पनि राख्न चाहन्छु। ड्यामसाइडमा नेपालको झण्डा समेतको निर्माण भनेर एउटा योजना बनाइएको थियो। त्यो अहिले तेत्तिकै सेलाएर गएको छ। महेन्द्रपुलमा एउटा ग्लासब्रिज भनेर ५० लाख रुपैया यो निर्माण, अध्ययन र निर्माण भनेर १५ र ३५ गराइएको थियो। त्यो योजना पनि यो माननीय आर्थिक मामिला मन्त्रीको चाँहि धैरै रिक्वेस्ट पछि हाम्रो रिक्वेस्ट पछि उहाँले राखिदिनु भाथियो। अहिलेको माननीय पर्यटन मन्त्रीज्यूले त्यसलाई निल दिनु भयो भन्छु म अर्को फेवातालमा ग्लास ब्रिज र क्यानोपि ब्रिज पनि भनेको थियो त्यो पनि कता पुग्यो त्यो पनि मलाई थाहा भएन। यस्तो धैरै योजनाहरु छन् अब फेरी यो फरक पार्टीको माननीय हुनुको पिडा, फेरि अलि अलिकति छुट्टै छ। योजनामा पऱ्यो भनेर रातो किताबमा आएर मात्र पनि नहुँदो रहेछ। योजनामा परि सकेपछि त्यसलाई धैरै फोलोअप गर्दागर्दै पनि नहुने, यो त्यो मध्येको एउटा चाँहि यो गण्डकी प्रदेशको ३६ वटा निर्वाचन क्षेत्र मध्येमा एउटा निर्वाचन क्षेत्रमा एउटा प्रत्यक्ष निर्वाचित सांसदलाई यो प्रदेश नमूना सडक भनेर एउटा छान्नलाई दिएको थियो। त्यो रातो किताबमा मेरो आफ्नै सन्दर्भमा कुरा गर्दाखेरि यो नारायणथान पुलबाट भलामबाट भलामहुँदै अर्मला जाने भनेर करिब १६ किलोमिटर सडकको डिपिआर भयो तर काम शुरु चाँहि बजेटमा रातो किताबमा नारायणथान पुलबाट भनिएको छ तर शुरु भयो बिचबाट, टाडाबाट शुरुभाको छ त्यो अहिलेसम्म जिरोबाट शुरु भाको छैन। यति धैरै फोलोअप गरि राखेको छु। अब मलाई लाग्छ यो या त हामी अख्तियारमै जानु पर्छ होला या त अदालतकै ढोका घच्घचाउने पर्छ होला भन्ने भई सक्या छ। नारायणथान पुलबाट शुरु हुनु पर्ने भलामबाट शुरु भएको छ। त्यो बिचको चाँहि धैरै पनि छैन। एक, एक किलोमिटर चानचुन बाटो होला। त्यो चाँहि शुरु गर्नलाई हारगुहार गरेर धैरै प्रयास गर्दापनि यो संभव भाको छैन। अनि अर्को यो बहुवर्षीय योजनाहरुमा २०% बजेटको सुनिश्चितता हुनु पर्ने र त्यो समिति एउटा समिति गठन भाको छ। समिति मार्फत सिफारिस हुनु पर्ने भन्ने प्रावधानले गर्दा पनि यो विकास निर्माणको लागि यो प्रावधान पनि बाधक हो कि भन्ने मलाईलाई राख्या छ। मसँग सम्बन्धित योजनाहरु मन्त्रीज्यूले यहि भन्नु हुन्छ कि अब यो २०% बजेटको सुनिश्चितता हुनु पऱ्यो र त्यो हामीसँग अहिले पैसा छैन र त्यो समितिले सिफारिश गर्नु पर्छ यी, यी सबै कुरा बहानाबाजी देखाएर एउटा मन्त्रालयबाट अर्को मन्त्रालय, अर्कोबाट अर्को र यसमा अलिकति कर्मचारीहरुको पनि असहयोग हो कि भन्ने पनि हामीले महसुस गरिराख्या छौं। कर्मचारीहरु हामी चाँहि यति धैरै माननीयहरु यति धैरै फोलोअप गर्दागर्दै पनि यो भएन उ भएन यसो

गर्नुस उसो गर्नुस भन्दाभन्दै अनि असार आउन्छ। यो काम चाँहि अगाडि बढदैन। र अर्को कुरा प्राविधिक कर्मचारीहरु विशेष गरेर यो पूर्वाधार मन्त्रालयको कुरा गर्दाखेरि

**(माननीय सभामुख- माननीय सदस्य समय सिद्धियो)**

यो इन्जिनियरहरु, प्राविधिक इन्जिनियहरुको चर्को अभाव छ। यो परिपूर्ति गर्ने तर्फ पनि यो सरकारको ध्यान जाओस् भन्दै यो विशेष अधिवेशन अन्तर्गतको यो सार्वजनिक महत्वको जुन प्रस्ताव छ यसको पूर्ण समर्थन गर्दै मेरा आफ्नो भनाई टुङ्गयाउँछु। धन्यवाद। जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनञ्जय दवाडी। समय ८ मिनेट।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, यस विशेष अधिवेशनमा जरुरी सार्वजनिक महत्त्वको विषय माथि आफ्ना केही भनाइहरु राख्ने प्रारम्भ गर्दछु। नेपालको संविधान कार्यान्वनकै चरणमा छौँ हामी । संघीयताको सुदृढीकरणको चरणमा छौ हामी र संवृद्धितर्फको यात्रा प्रारम्भ गरिरहेका छौँ हामी । यसैले यो विशेष अधिवेशनको आह्वान जरुरी सार्वजनिक महत्त्वको विषयहरुले लोकतन्त्रको सुदृढीकरण, लोकतन्त्रको विकास र संवृद्धिको यात्रा तय गरेको छ र सबै विषयहरु छिनोफानो गर्ने थलो चाहि संसद हो, जनप्रतिनिधि हुन् जनप्रतिनिधिले यस्ता प्रश्नहरु उठाउँछन् र यी प्रश्नहरुको छलफल गर्छन् निष्कर्ष निकाल्छन् भन्ने निचोडको बाटोमा छौँ हामी । अर्थात् हामी निर्माणको बाटोमा छौँ । निर्माणको बाटोमा हिडिरहदा देखिने हो श्रृजना, देखिने हो परिवर्तन, देखिने हो उन्नयन अनि ध्वंशको आँखाले ध्वंशको दृष्टिकोणले हेरेपछि सबै कुरा देखिदैन। ध्वंशको दृष्टिकोणले निर्माणलाई देख्न सक्दैन। ध्वंशको दृष्टिकोणबाट जब हेर्न थालिन्छ त्यतिबेला निर्माणलाई पनि ध्वंश गरिन्छ। भइरहेका कुराहरुमा पनि ध्वंश खोज्न थालिन्छ। यसकारणले ध्वंश होइन निर्माण हो र परिवर्तन हो सुदृढीकरण हो अझ उन्नत स्तरको लोकतन्त्र हो भन्ने कुरा बुझ्नुपर्दछ र लोकतन्त्रमा निर्वाचन सबभन्दा सुन्दर पक्ष हो। निर्वाचनलाई अस्वीकार गर्नेहरु लोकतन्बबादी हुन सक्दैनन् भन्ने तथ्यलाई सबैले मनन गर्न जरुरी छ त्यसमाथि पनि माननीय सांसदहरु हामी जो जनताबाट प्रतिनिधित्व गरेर आएका छौँ निर्वाचित भएका छौँ निर्वाचनलाई हामीले मनबाटै स्वीकार्नुपर्दछ र निर्वाचन गर्ने जनप्रतिनिधिको उत्तरदायित्वलाई

बहन गर्नुपर्छ। त्यो उत्तरदायित्व भनेको यस्ता छलफलहरुमा मिश्रित हुन्छन् र केन्द्रित हुन्छन्। हामी लोकतन्त्रको यो जुन चरित्रमा छौँ हामीले जुन खालको व्यवस्था निर्माण गरेका छौँ संघीयताको जुन मोडेलमा हामी छौँ प्रदेश सरकार निर्माण गरेको कति वर्ष प्राप्त गर्‍यौँ यो विचमा हामीले के काम गर्‍यौँ र गरेका ३ वर्षको बालकलाई ३० किलोको भारी बोकाएर ३०० कि.मी दोणायौँ भने दौणाएर परिणामहरु खोज्न खोज्यौँ भने सम्भवतः त्यसले दुर्घटना निम्त्याउँछ। त्यसकारणले आज हामी जे गरिरहेका छौँ नीतिका आधारमा, नियमावलीका आधारमा, कार्यविधिका आधारमा गरिरहेका छौँ । त्यो निर्माणका काममा छौँ विधेयकहरु बनाएका छौँ। त्यसलाई गर्व गरौँ आत्मभत्सर्ना होइन आत्मगौरव गरौँ हाम्रा कामहरु प्रति। हामीले गरेका ठीक कामहरुप्रति हामीले आफूलाई केन्द्रित गर्नुपर्छ, यसरी केन्द्रीत गरिरहने कुरामा हामीले नेपालमा अन्यत्र कतै छलफलै शायद प्रारम्भ नभएको होमस्टेको छलफल हामीले प्रारम्भ गर्‍यौ यसलाई बान्ड बनायौँ। यो हामीले गरेको राम्रो काम होइन र ? प्रदेशमा हामीले पर्यटन गुरुयोजना पनि बनाएका छौ त्यसको आधारमा पर्यटनको विकास र संवृद्धिको यात्रा तय गर्ने भन्याछौँ किन पर्यटन गण्डकी प्रदेशको प्रमुख चिज हो । हामीसँग अरु खालको उद्योग स्थापनाको कम सम्भावना छ विभिन्न कारणले सेवा उद्योग हाम्रो प्रमुख गन्तव्य प्रमुख चिज हो भनी त्यसमा लाग्ने बाटो हामीले तय गरेका छौँ यसकारणले यो हाम्रो गन्तव्य हो भन्ने हामीहरु ठम्याइ हो भने ती गरिएका कामहरु राम्रा हुन् भनेर हामीले गर्व गर्नुपर्छ। यसै गरेर हामीले प्रत्येक पालिका तहमा अस्पतालका कुरा गर्‍यौँ बहुसांस्कृतिक ग्रामका कुरा गर्‍यौँ अनि हामीले औद्योगिक ग्राम बनाउने भन्यौँ । प्रत्येक पालिकामा औद्योगिक ग्राम बनाउने भन्यौँ र ती कामहरुको टेन्डर भाछ र निर्माणको प्रकृयामा गएको कुरा सबै तपाई हाम्रो तपाई हाम्रो निर्वाचन क्षेत्रमा छन् हामीले देखिरहेका छौँ। बहुवर्षीय योजनाहरु ठेक्कामा गछन् त्यो कामका चरणमा प्रवेश गरेका छन् र काम गरिरहेका छन् भन्ने कुरा हामीले जब देखेका छौँ भने त्यो कुराप्रति हामीले अन्देखा गर्नुहुँदैन। उज्यालो गण्डकी प्रदेश सम्भवतः उज्यालो प्रदेश बनाउने घोषणा हामीले गण्डकी प्रदेश स्थापना गरेको सुरुको दृष्टिकोण थियो के यो दृष्टिकोण गलत थियो? उज्यालो गण्डकी प्रदेशले ध्वंश बनाउँछ हामीलाई होइन

होला नि । उज्यालो गण्डकी प्रदेशबाट हामी गरिब हुन्छौँ अथवा हामी प्रतिगमनको यात्रा तय गर्छौं कि अग्रगमनको ? यति कुरा छ सम्भवतः हामीले बुझ्दा राम्रो हुन्छ भन्ने म ठान्दछु यसकारणले एक निर्वाचन क्षेत्र एक सडक निर्माण गर्ने कुरा पनि हामीले तय गरेको हो । यस संसदले हामीले पास गरेका बजेटबाट हामीले बनाएका नीति कार्यक्रमबाट हामीले बनाएका कानूनबाट जे चिज हामीले निर्माण गर्‍यौँ आज अलि अगाडि पुगिसक्या फेरि त्यसमा आत्मभत्सर्ना गर्न थाल्यौँ भने कही पुग्दैनौँ। के नेपालमा दलहरु नेपालका जनप्रतिनिधिहरु ध्वंशका लागि मात्र लागेका हुन् त ? विद्रोहका लागि मात्र लागेका हुन् र ती त निर्माणका औजार हुन्। राजनीतिक दलहरु राजनितिक नेताहरु र तिनले निर्माण गर्नुपर्छ दृष्टिकोणका साथ। आफ्ना लागि मात्रै आफ्नो दृष्टिकोण केन्द्रित गर्ने हो भने यो जनप्रतिनिधित्वमूलक संस्थामा रहेर राजनीतिक कामहरुबाट बिदा लिदा सबैभन्दा राम्रो हुन्छ किनभने त्यसका निमित्त अरु गौरवका कामहरु गर्न सकिन्छ। धेरै कामहरु गर्न सकिन्छ यसकारणले प्रदेशको आर्थिक विकासका निमित्त संवृद्धिका निमित्त हामीसँग केही समस्या पनि छन्। समस्याप्रति हामीले धेरै ध्यान दिएनौँ। हामीले प्रदेश सरकार प्रदेशहरु निर्माण गरेपछि हाम्रा जनशक्तिका कुराहरु थिए होलान्। हामीले कति जनशक्ति प्राप्त गर्‍यौँ हामीले काम गर्ने औजारहरु के कस्ता थिए त्यसमा हामीले समीक्षा गर्नुपर्छ होला यस्ता कुरा गर्दा। यो समीक्षा गर्दाखेरि अनि हाम्रो आफ्नै बजेटको सिलिङ्ग कति छ हाम्रो बजेट कति छ हाम्रो प्रदेशमा त्यसमा पनि ख्याल गर्नुपर्छ होला। यी सबै चिजहरुलाई हेक्का राखेर हामीले समीक्षा गर्दा राम्रो हुन्छ भन्ने ठान्दछु। यसो गर्दा जे जति प्रश्नहरु विद्धान माननीयहरुले उठाउनुभएको छ त्यो प्रश्नले के भन्छ भने कामलाई गतिमा लैजाऊ कामलाई अगाडि बढाऊ भन्ने कुरा भन्छ भन्ने ठान्दछु त्यसकारणले कामलाई लैजानका लागि अझै बल लगाउनका लागि अझै द्रुत गतिमा लैजानका लागि गण्डकी प्रदेश सरकारले अरु थप मेहनत गर्नेछ र उसले यी आएका सबै सुझावहरुलाई सकारात्मक रुपमा ग्रहण गर्नेछ भन्ने विश्वास पनि व्यक्त गर्न चाहन्छु। यी चिजहरुले हामीलाई आगामी दिनको हाम्रो यात्रा तय गर्न मद्दत गर्नेछ। हामी नीति कार्यक्रम बनाउछौँ बजेट बनाउछौँ निति कार्यक्रम र बजेट पास गर्छौं अनि कार्यविधिहरु बनाउँछौँ अनि कार्यविधि छोडेर नीति

कार्यक्रम छोडेर विधि छोडेर विधि भन्दा बाहिरबाट सबै चिजको समाधान खोज्न खोज्छौ भने सम्भवतः यो चिज चाहि लोकतन्त्रका निमित्त जाहेज हुँदैन किनकि लोकतन्त्र भनेको विधिको शासन हो। लोकतन्त्रमा जसरी पनि विधिको पालना गर्नुपर्छ। लोकतन्त्रमा विधिको शासन स्वीकार्ने हो भने त्यो विधिले हाम्रो विधिले बजेटको निर्माणपछि बजेटको कार्यान्वयन पछि बजेट कार्यान्वयन गर्ने विधि पनि तय गरेको छ। त्यो कार्यान्वयन गर्ने विधिमा समयावधि लामो छ भने चाहि त्यसलाई संसोधन गरौँ त्यसलाई संसोधन गर्ने थलो पनि यही हो। कार्यविधिहरुमा तल माथि छन् भने कार्यविधिहरुमा छलफल पनि गरौँ त्यसलाई छलफल गरेर टुङ्ग्याउने थलो पनि यही हो अर्थात् संसदले सबै कुराको निरुपण गर्नुपर्छ र आफ्ना औजाहरुलाई टुल्सहरुलाई पनि प्रदेश सरकारले लक्ष्यमा केन्द्रित गरेर परिचालित गर्नुपर्छ। त्यो सरकारको दायित्व हो किनभने सरकारको जननी संसद् हो र यो संसदमा उठेका प्रश्नहरुले सरकारलाई  अरु थप सचेत र जिम्मेवार बनाएर अगाडि लैजान्छ भन्ने विश्वास व्यक्त गर्दछु। हामी कोरानाका चपेटामा पर्‍यौँ । हामीले प्रकोपहरुमा पर्‍यौँ यो त भएको तथ्य हो। तथ्यले हामीलाई धेरै असजिलो ठाउँबाट पनि अगाडि जान प्रेरित गरिरहेको छ। उज्यालो बत्ती बालिरहेको छ। हामी के कुरामा विश्वास गरौँ भने एउटा श्रृजना शक्ति भएको तागतका साथ यो प्रदेशमा छौ धेरै सम्भावनाका विचमा छौँ। ठुलो ढुङ्गाको काँपलाई खोलेर जसरी पीपल उम्रिन्छ र ठूलो चट्टानलाई फुटाल्न सक्छ त्यसैगरी गण्डकी प्रदेश सरकारले प्रस्ताव गरेका यी सबै योजनाहरुले यी सबै कार्यान्वयनले यी सबै ढङ्गको कार्यान्वयनले आगामी दिनमा हाम्रो गन्तव्यलाई अझ थप श्रृजनात्मक र विकासशील बनाउन सहयोग गर्नेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु। जुन ढङ्गले आज हामी छलफलमा आयौँ संविधान र यो हाम्रो नियमावलीलाई कार्यान्वयन गर्ने छलफलमा छ। जरुरी सार्वजनिक महत्त्वका विषयमा छलफल गर्‍यौँ । विशेष अधिवेशन पनि आह्वान गर्‍यौँ । यो सबै कुराले हामीलाई फेरि पनि हाम्रो गणतन्त्रलाई हाम्रो संघीयतालाई हाम्रो लोकतन्त्रलाई थप सुदृढ र उचाइमा पुर्‍याएको छ। यसका निमित्त प्रतिपक्ष दल र यो विशेष अधिवेशन आह्वान गर्ने दललाई पनि लोकतन्त्रप्रतिको प्रतिवद्धता लोकतन्त्रको विश्वास संसदप्रतिको विश्वासका निमित्त हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छु र

संसद नै अबको हाम्रो गन्तव्य हो र अब यहीबाट लक्ष्य निर्धारण गरिनुपर्छ भन्ने विश्वास व्यक्त गर्दै बिदा हुन्छु। धन्यबाद। नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्य श्री चन्द्र बहादुर बुढा समय ७ मिनेट।

**माननीय चन्द्र बहादुर बुढा**

माननीय सभामुख महोदय, यतिबेला हामी यो विशेष अधिवेशनको सन्दर्भमा सार्वजनिक महत्त्वको प्रस्ताव माथि छलफल चलाइरहेका छौँ र माननीय सदस्यहरुले आफ्ना धारणाहरु राखिसक्नुभएको छ। विशेषतः हामी अहिले यो छलफल गरिरहँदा मलाई के अनुभूति भइराखेको छ भने विशेष अधिवेशनको जो आब्हान गर्नुभयो र हामीले केही विषयहरु जो जरुरी सार्वजनिक महत्त्वको विषयहरुमा छलफल गरिराखेका छौं। यसले गण्डकी प्रदेशको सन्दर्भमा आगामी दिनहरुमा पनि निश्चित रुपमा यसले महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने मैले त्यो अनुभूति गरेको छु र विषयवस्तुका हिसावले बजेट कार्यान्वयनको सन्दर्भमा हामी छलफल चलाइराखेका छौं। हामीले यो ३ वर्षको अवधिमा गण्डकी प्रदेशको सन्दर्भमा शायद हामीले धेरै छलफल चलाएका छौं। हामी यो सदनमा अथवा बाहिर पनि  हामीले धेरै छलफलहरु चलाएका छौँ र छलफल चलाउँदै गर्दाखेरि शायद हामीले गण्डकी प्रदेशको सन्दर्भमा यहाँको सम्भावनाहरु के हुन् हाम्रा अवसरहरु के के हुन् र यहाँका समस्या र चुनौतीहरु के के हुन् हामीले शायद एउटा निष्कर्षमा पुगिसकेका छौं। यसो भनिरहँदाखेरि हामीले संवृद्ध प्रदेश सुखी नागरिकको परिकल्पना गरेका छौँ । हामीले पहिलो पञ्चवर्षीय योजना पनि पारित गरिसकेका छौँ र हामीले विकासका सुचकाङ्कहरुलाई पनि त्यो एउटा शर्तवद्ध गरिसकेका छौं। शूत्रवद्ध गरिसकेका छौं। अब हामीले हाम्रो  प्रदेशको विकास, संवृद्धि र सुशासनको कुरा गरिरहँदा खेरि देखिएका समस्याहरुलाई शायद विगतदेखि अहिले सम्म त्यो अनुभूति पनि गरेका छौँ र यसलाई हामीले सकारात्मक हिसावले यसलाई सच्याउनका निमित्त यसलाई सुधार गर्नको निमित्त  हामीले छलफल पनि चलाएका छौँ र यसो भनिरहँदा आज शायद हाम्रो छलफल पनि यहाँ केन्द्रित भएको छ। यसले सकारात्मक भूमिका नै खेल्नेछ भन्ने मैले ठानिरहेको छु र अहिले सम्मको अवस्थालाई हेर्दा माननीय सदस्यले जो राख्नुभएको छ त्यो तथ्याङ्कमा हामी त्यति जान सान्दर्भिक जस्तो लाग्दैन। समग्रतामा हेर्दाखेरि हामीले गण्डकी प्रदेशको सन्दर्भमा बजेट कार्यान्वयनको हिसावले हेर्दाखेरि समय जो अहिले यहाँ सम्म आउँदाखेरि सापेक्षिक हिसावले ठिकै ठाउँमा छौँ भन्ने त्यो मेरो बुझाइ हो। यद्यपि बीचमा केही समस्याहरु छन्। माननीय सदस्यहरुले राख्नुभएको छ समस्याहरुको बारेमा । हामीले अलिअलि कोइसन उठाएका छौं विगतमा पनि उठायौं र अहिले पनि उठाइरहेका छौँ तर त्यो समस्याको कुरा गरिरहँदाखेरि हामीले यसो हेर्ने गर्छौं हामी अलि अनसमा मात्र मुखरित हुन खोजिराख्याछौँ ।अलि प्रायदिप हिसावले मात्र मुखरित हुन खोजिराख्याछौं। त्यसले मात्र शायद हामीले जो लक्ष्य सुनिश्चित गर्न खोजिराखेका छौँ त्यसलाई चाहि मिट गर्न सक्दैनौँ । त्यसो हुँदा हामीले तथ्यमा अलि पुग्न जरुरी छ। हाम्रा समस्याहरु के हुन् त हाम्रा अप्ठ्याराहरु के के हुन् अथवा हामीले छलफल गर्ने विषयहरु के के हुन् हाम्रा बहसहरुलाई केन्द्रीत गर्न सकेनौँ भने हामी उही घुम्दै फिर्दै रुम्जाटार भन्ने ठाउँमा हामी पुग्छौँ कि भन्ने एउटा चिन्ताको विषय बनिराखेको छ। हामीले यसो हेऱ्यो भने होइन समस्या छ। कैयौं कोइसनहरु उठिरहेका छन् त्यो कोइसन उठिरहँदा हामीले हाम्रा समस्याहरु बारेमा पनि छलफल

चलाइराखेका छौँ। समस्या छन् । हामीले यसो  हेऱ्यौँ भने हाम्रो चाहनाहरु हाम्रा आवश्यकताहरु हाम्रा सपथ र हाम्रा चाहि कतिपय त्यस्ता पुँजीहरु हेर्दाखेरि समस्याहरु देखापर्छ। त्यतिमात्र होइन हामीले यसो हेऱ्यौँ भने शायद यो परिवर्तित सन्दर्भमा पनि हामीले अलि नीति विधिका कुरा पनि कुरा गरेका छन्। हामीले नीति विधिको कुरा गर्दाखेरि यसो हेर्दाखेरि शायद अलि हामी हाम्रो विकास मोडेलका कुरा हेऱ्यौँ भने पनि हाम्रो सिस्टमका कुरा हेऱ्यौँ भने पनि हाम्रा ऐन कानूनलाई हेऱ्यौँ भने पनि शायद हामी अलि परम्पराबादी भयौँ कि यो चिन्ताको विषय हो। मैले पहिलेदेखि नै भन्ने गरेको छु यसबाट हामी चाहि हिजोको असंगतिपूर्णबाट  हामी माथि उठ्न सक्नुपर्छ। त्यो सिमाहरुलाई तोड्न सक्नुपर्छ। हामी त्यो तोड्न सकिरहेका छैनौं। समस्याको जड यहीनेर छ। कि ऐन कानूनको कुरा गरिरहँदाखेरि त्यति मात्र होइन अरु अवयवहरु जो त्यसले प्रभावित गरिराखेको छ हाम्रो छलफल अलि पुग्न सकिरहेको छैन। मैले जोड्न खोजेको विषय के भने यहाँ ढिलासुस्ती भयो अनियमितता देखा पऱ्यो यहाँ  चाहि अलि अलि करप्सनका विषयहरु पनि उठे मात्रका कुरा होइन पहिलो कुरा हामीले नीति र विधि हेर्नुपर्छ । नीति विधिमा हामीले खोज्न सक्यौँ भने हामीले यसलाई सही ढङ्गबाट  पहिचान र हाम्रा बुझाइहरुलाई केन्द्रित गर्न सक्यौ र समाधान गर्न सक्यौँ   भने  हामीले धेरै कुराको  हल गर्न सक्छौं। यहाँ विषयहरु उठेका छन् । हामीले यसो हेर्दै गयौँ भने हाम्रा जो अलि परम्पराबादी सोचहरु छन् हाम्रा तरिकाहरु छन्  हामीले यद्यपि हाम्रो संगठन हाम्रो संरचनाको अभावका कुराहरु पनि गऱ्यौँ । ऐन कानूनले कैयौँ अभावका कुराहरु पनि गऱ्यौँ सापेक्षिक हिसावले हामीले कैयौँ कामहरु सम्पादन गर्दै गर्दा हामीले कैयौँ उपलब्धिहरु पनि हासिल गरेका छौँ तर यही बिचबाट हेर्दै गर्दाखेरि हामीले हेर्ने भनेको परिणाममा हो । हामी परिणाममा कतै चुक्दै छौँ कि। हामीले परिणाममा हेर्दाखेरि हामीले जनतालाई सन्तुष्ट गराउन सकेनौँ कि। जनतालाई परिवर्तनको अनुभूति दिन सकेनौँ कि। कही न कही त कोइसन उठेको छ नि त। त्यसो भएको हुनाले हामीले यहाँ चाहि धेरै विषयहरु गरिरहनु भन्दा पनि मेन कुरामा हामी केन्द्रित भएर हामी बहस छलफल चलाऔँ। हाम्रो ऐन कानून बारे हाम्रो सोच तरिकाहरु बारे हाम्रो पूजीको बारे हाम्रो श्रोत साधनको बारे हाम्रा आवश्यकताहरु बारे के हो त तथ्यमा हामी पुग्दाखेरि शायद हामीले हिजो पनि छलफल चलाएका थियौँ र एउटा संश्लेषण पनि गऱ्यौं  यसले गर्दाखेरि हामीले हेर्ने भनेको परिणाममा हो हामी परिणाममा कतै चुक्दै छौँ कि। तर त्यसलाई चाहि नीति कार्यक्रममा व्यक्त गराउँदा बजेटमा व्यक्त गराउँदाखेरि हामीले कही न कही फेरि असन्तुष्टिहरु जो देखा परे । कही न कही हाम्रा इन्ट्रेष्टहरु चाहि मुखरित हुन खोजे। जसले चाहि कही न कही कोइसन उठाएको छ। जसले कही न केही बेथितिहरु पैदा गरेको छ जसले कही न कही चाहि करप्सनका कुराहरु उठाइराखेको छ। ती उठिरहेको छ। त्यसो भएको हुनाले हामीले नीति र विधिमा पहिलो कुरा त्यहाँ ध्यान दिन जरुरी छ।  कार्यान्वयन हुन सकेन मात्र होइन कार्यान्वयन भाछ सापेक्षिक रुपमा तर हामीले परिणाममा हेर्दाखेरि हामीले सफ चाहि जो एउटा सङ्कल्प हो गण्डकी प्रदेशको सन्दर्भ हाम्रो जो प्रतिवद्धता हो त्यसले साँच्चै हामीले एउटा उत्साह पैदा गर्ने गरिकन हाम्रो कार्यसम्पादन मापन हुन सक्याछ कि सके छैन भन्ने कुरामा हामी पुग्नपर्छ। यो निष्कर्ष सहित जानुपर्छ । शायद यो जरुरी सार्वजनिक महत्त्वको प्रस्तावले पनि हाम्रो यो संसदलाई यो हाउसलाई सबै माननीय सदस्यहरुलाई, सरकारलाई यो सही दिशातिर मुखरित गर्नेछ यही अपेक्षाका साथ आफ्नो भनाइ अन्त्य गर्छु। हस् त धन्यबाद अभिवादन।

## माननीय सभामुख

माननीय सदस्य श्री राजिव पहारी। समय ९ मिनेट।

## माननीय राजिव पहारी

सभामुख महोदय, संविधानमा, प्रदेश सभा नियमावलीमा व्यवस्था भए अनुसार विशेष अधिवेशन र जरुरी सार्वजनिक महत्त्वको विषयमा हामी छलफल गर्दैछौँ र म यसै सन्दर्भमा केही कुराहरु राख्न चाहन्छु। हामीले हावामा मुड्की हान्नुको कुनै अर्थ हुँदैन। तथ्य र तथ्याङ्कको आधारमा कामको परिणामको आधारमा सरकारले गरेका राम्रो कामहरुको प्रशंसा गर्ने र कमी कमजोरीहरुको रचनात्मक सुझाव दिने काम गरियो भने मात्र हामीले संवृद्ध गण्डकी प्रदेश निर्माण गर्न सक्छौँ। नियत व्यक्तिगत स्वार्थसँग जोडेर अमूक पद प्राप्तिको निम्ति राजनैतिक अस्थिरता मच्चाउने उद्देश्यका साथ खेलोमेलो र प्रयत्न गरिन्छ भने जनताबाट दुई तिहाइ बहुमतले निर्वाचित संस्थाबाट झन्डै दुई तिहाइ बहुमतबाट बनेको प्रधानमन्त्रीले जनताको विचमा जान्छु ३ वर्षभित्र गरेका कामहरुको जनताको विचमा गएर अनुमोदन गराउँछु भन्ने कुरा पश्चगामी होइन अग्रगामी हो र लोकतन्त्रमा निर्वाचन नै सबैभन्दा सुन्दर पक्ष हो। माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकार निर्माण भएको करिव ३ वर्ष पुग्न लागेको छ। यो छोटो अवधिमा विभिन्न प्रतिकूलता र अप्ठ्याराको बापजुद पनि सरकारले संघीयताको जग र आधार निर्माण गर्दै चाहे नीति नियम कानून बनाई विधिको शासनमा आधारित पारदर्शी, जवाफदेही, परिणाममुखी र नागरिकमैत्री शासन व्यवस्था कामय गर्न करिव ४ दर्जन विधेयक प्रदेश सभाबाट पारित गरी प्रभावकारी कार्यान्वयन गरी जनताको जीवनस्तर उकास्ने काम गरेको किन नहोस् । चाहे प्रदेश विकास परिषद् र अन्य विभिन्न प्राधिकरणहरु निर्माण गरी विकास र संवृद्धिको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन लक्ष्य समेटी प्रदेशका पञ्चवर्षीय लगायतका योजनाहरु निर्माण गरी कार्यान्वयन गर्ने कुरा किन नहोस्। चाहे प्रदेशको अन्तराष्टिय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउ,ने चिनको यू.एन. प्रान्त गभर्नर स्वशासित क्षेत्र तिव्वतका प्रमुख, बंगलादेशका महामहिम राष्ट्रपति, वासिङ्गटन राज्यका गभर्नर लगायतकासँग विविध क्षेत्रमा लगानी आकर्षण गर्ने हित प्रवर्धन गर्ने कुरामा भएको सहमति र सहकार्यको कुरा किन नहोस्। चाहे सातै प्रदेशका मुख्यमन्त्रीहरुको सम्मेलन गरी पोखरामा सम्मेलन गरी संघीयताको प्रभावकारी कार्यान्वयनको लागि खेलेको भूमिका किन नहोस्। यी धेरै कुराहरुले के कुरा प्रष्ट गर्दछ भने संघीयता कार्यान्वयन गर्ने कुरामा गण्डकी प्रदेश, गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीले जुन अगुवाइ गर्नुभएको छ म यसको उच्च प्रसंशा गर्न चाहन्छु। विकास निर्माण र पूर्वाधारको क्षेत्रमा त गण्डकी प्रदेशमा एउटा नयाँ युगको सुरुवात भएको छ। गाउँगाउँमा शहर/ शहर टोल/टोलमा विकासको लहर आएको छ। जुन कुरालाई तथ्याङ्कहरुले पुष्टि गर्दछ। कामका क्रमशः परिणामहरु देखिदैछन्। खानेपानी तथा सरसफाइ अन्तर्गत एक घर एक धारा कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशका सबै ११ वटा जिल्लाहरुमा १५० वटा इन्टेक, २४५ किमी नेलपाइप लाइन, २७४ कि।मी वितरण पाइप लाइन, २६० वटा पानी पोखरीका सम्भावित योजनाहरु सम्पन्न भई ७,८,३९ निजी धारा जडान, ३९,१,९५ जनसंख्या लाभान्वित भइसकेका छन्। यस वर्ष पौष मसान्तभित्र २७.११ प्रतिशत बित्तिय प्रगति हुने स्थिति रहेको छ। जलश्रोत सिचाई तथा ऊर्जाको वार्षिक लक्ष्यको तुलनामा २४।३३ प्रतिशत भौतिक प्रगति भएको र वार्षिक बजेटको तुलनामा ११.३५ प्रतिशत वित्तिय प्रगति भइरहेको अवस्था छ। त्यस्तै सरकारले चालू आ.व. २०७७/०७८ भित्र उज्यालो गण्डकी प्रदेशको घोषणा गर्ने सङ्कल्प अन्तर्गत यो अन्तर्गत पनि धेरै कामहरु भएका छन्। विद्युत विस्तार अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँग सम्झौता भई मुस्ताङ्ग, म्याग्दी, बागलुङ्ग, लमजुङ्ग, मनाङ्ग गोरखा र नवलपुर जिल्लामा विद्युत विस्तार गर्ने कार्यक्रम कार्यान्वयन भइरहेको छ। नयाँ मिटर जडान भइ तीन हजार दुई सय पचहत्तर घरधुरीमा बत्ती बलिसकेको अवस्था छ । यसको भौतिक प्रगति ६६% र वित्तिय प्रगति ५०% छ। त्यस्तै हामीले यो कोविड १९ को नियन्त्रणको लागि प्रदेश सरकारको सही नीति योजना र प्रभावकारी कार्यान्यनको कारणले यसको नियन्त्रणमा गण्डकी प्रदेश सरकारले उल्लेखनीय सफलता प्राप्त गरेको छ। जब यूयानबाट २०१९ डिसेम्बरमा चाहि कोरोना लागेको एक जना विद्यार्थी चाहि नेपाल आएको अवस्था भयो। सुरुमा स्वाब परीक्षण नेपालमा हुन सक्ने अवस्था थिएन। हङ्कङ्ग लगेर त्यो चाहि स्वाब परीक्षण गरेपछि त्यो पुष्टि भयो। त्यो हुने बित्तिकै गण्डकी प्रदेश सरकारले माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ्गको नेतृत्वमा उच्च स्तरीय निर्देशक समिति र विभिन्न मन्त्रीज्यूहरु, प्रमुख सचिवज्यूको नेतृत्वमा समितिहरु बनाएर चाहि काम सुरु

गऱ्यो। यो अवस्थाबाट आज सम्म आइपुग्दा हिजो स्वाव परीक्षण गर्न हङ्गकङ्ग पठाउनु पर्ने थियो। कुनै संरचना बनेको थिएन यो कोभिड चाँहि एउटा नयाँ महामारी थियो। अहिले चाहि यसले परीक्षणको दायरा गण्डकी प्रदेशमा अत्यन्त फराकिलो बनाएको छ। प्रदेशभरि दैनिक तीन सयको हाराहारीमा संक्रमित हुँदा आइसोलेसनको केन्द्रको उच्च मागलाई ध्यानमा राखी सरकारी सामुदायिक तथा निजी क्षेत्रहरुमा १४१३ शैया सहित ४० वटा आइसोलेसनको केन्द्रहरु स्थापना गरी संक्रमित व्यवस्थापन गरिएको छ। प्रदेश कोभिड सुरु हुनु पूर्व पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तीन वटा भेन्टिलेटर सहित ९ शैयाको आइ.सि.यु. बाहेक केही थिएन। हाल जिल्ला अस्पतालहरुमा  मात्र १९ वटा भेन्टिलेटर सहित ३८ शैयाको आइ.सि.यु. सञ्चालनमा आउने अवस्थामा छ। साथै स्याङ्गजा, लमजुङ्ग, मुस्ताङ्ग लगायतका सबै जिल्लाहरुमा  हस्पिटलको स्तरउन्नति सहित आइ.सि.यु. स्थापनाको चाँहि अन्तिम चरणमा पुगेको छ। हामीले तथ्याङ्कमा हेरौं। कोभिड १९ संक्रमणको नियन्त्रणको निम्ति सरकारले खेलेको भूमिकाको कारणले संक्रमणको दर चाहि निको हुने दर उच्च रहेको छ। छिमेकी मुलुकसँग तुलना गर्दा भारतमा ९६.१% छ। बङ्गलादेशमा ८९.१% छ। पाकिस्तानमा ८७.३% छ। श्रीलङ्कामा ८१.४% रहेको देखिन्छ भने नेपालमा सबै भन्दा बढी ९६.८% चाँहि यो मृत्युदर चाँहि कम भएको देखिन्छ। यो सरकारले खेलेको प्रभावकारिता भूमिकाले हो। गण्डकी प्रदेशमा निको हुने दर ९६.४% रहेको छ। अब भ्याक्सिनको कुरो पनि आएको छ। पहिलो चरणमा प्राप्त हुने भ्याक्सिनको भण्डारण र बितरणको निम्ति प्रदेश सरकारले वाकिङ्ग पुड अपको व्यवस्थापन र वितरणको लागि २ सय ट्रकको चाहि व्यवस्था गरेको छ। यस्ता धेरै कामहरु गरेको छ र अहिले कोभिड यति चाहि नियन्त्रणमा हुनुको पछाडिको कारण सरकारले खेलेको भूमिकाको कारणले हो । त्यसो भएर यो राम्रो कामको हामीले प्रशंसा पनि गर्नुपर्छ। अघि प्रसङ्ग आयो सय पूर्णाङ्कमा सरकारले अहिले ७५-८० नम्वरको काम गरेको छ। २०-२५ नम्वरको काम हुन सकेको छैन। कतिपय भएर नि परिणाम आएका छैनन्  कतिपय हुँदैछन्। अब यो विशेष अधिवेशनमा माननीय ज्यूहरुले जुन २०-२५ प्रतिशत यी कामहरु भएका छैनन् भनेर औंल्याउनुभएको छ त्यो पनि पूरा गरेर कम्तीमा डिस्टिक्ट हन्ड्रेड मार्कको चाहि प्रदेश सरकारले ल्याउन सकोस् त्यसको निम्ति यो विशेष अधिवेशनले त्यो कुरामा कोशेढुङ्गा सावित हुनेछ भन्ने मैले चाहि विश्वास लिएको छु। अब पर्यटन क्षेत्र पनि त्यही छ। ग्रामिण पर्यटन प्रवर्धनको लागि होमस्टे बनाउनेदेखि लिएर चाहि पार्कहरुको निर्माण गर्नेदेखि लिएर अब नमूना मुख्यमन्त्री चाहि वातावरण कृषि गाउँ कार्यक्रमदेखि लिएर धेरै कुराहरु यो अहिले आन्तरिक मामिला मन्त्रालय अन्तर्गत हामीले प्रहरी विधेयक ल्याएका छौं। अरु धेरै कामहरु भएका छन्। यसरी ५ वर्षभित्र गण्डकी प्रदेशलाई कसरी समृद्ध प्रदेश बन्ने ढङ्गबाट चाहि यो सरकार अगाडि बढिरहेको छ म यसको उच्च प्रशंसा गर्न चाहन्छु। भोलि बिहान हुन्छ, आजको रात त हामीले कम्तीमा पर्खन सक्नुपर्ने हुन्छ। विभिन्न प्रतिकूलताको बावजुद, अप्ठ्याराको बावजुद, चुनौतीको बावजुद पनि सरकारले जुन ढङ्गबाट चाहि कामहरु गरेको छ चाहे नीति, नियम, कानून बनाउने सन्दर्भमा होस् चाहे अन्य कुराहरुको सन्दर्भमा होस् ती कुराहरुलाई हामीले सहयोग गर्ने ढङ्गबाट जानुपर्छ। हो हामीले व्यवस्था फेऱ्यौँ अझै पनि हामीले सोच मानसिकता फेर्न सकेका छैनौं। अझै पनि हाम्रा हिजो संघीयतामा जाँदा शून्यमा थियौं। त्यो शून्यबाट चाहि जिरोबाट बडा संरचना बनाउनु पऱ्यो सरकारले २ वर्ष सम्म आधार वर्ष भनेर घोषणा गरेको थियो। अहिले त हामीले सबै संरचनाहरु निर्माण गरिसकेका छौं। अबको बाँकी २ वर्षमा चाहि हामीले संवृद्धिको तला थप्नुपर्छ। अहिले जनताले भन्न थालेका छन् गण्डकी प्रदेशमा गुरुङ्ग सरकारको उपहार गाउँ गाउँमा बाटोघाटो पुल सहितको पूर्वाधार भने **(माननीय सभामुखः माननीय सदस्य समय सकियो।)** जनताले अनुभूति गरिरहेका छन्। त्यसो भएको हुनाले हामी माननीयहरुले पनि कस्तुरीले आफूभित्रको चाहि सुविधा थाहा नपाएर सुगन्ध आउँछ भन्ने थाहा नपाएर भौतारिए जस्तै केही भएन भन्ने होइन धेरै कुरा भएका छन्। अझै यो हुन पाए भने राम्रो हुन्थ्यो भन्ने ढङ्गबाट जाँदाखेरि राम्रो हुन्छ भन्दै अन्तिममा मैले अन्तिममा नवलपुर जाँदाखेरि त्यहाँका जनताहरुले भन्दै हुनुहुन्थ्यो गाउँ गाउँ बस्ती बस्तीमा एक घर एक धारा प्रदेशको गुरुङ्ग सरकारले पूरा गर्दै छ आफ्नो अभिभारा

भनेर चाहि जनताले त्यो महसुस गर्नुभएको छ । हामीले त्यही ढङ्गबाट अगाडि **(माननीय सभामुखः माननीय सदस्य समय सकियो।)** बढौँ धन्यबाद हस् त नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री सरिता गुरुङ समय ८ मिनेट।

## माननीय सरिता गुरुङ

माननीय सभामुखज्यू, आज हामी यो नेपाली काँग्रेस र जनता समाजबादी पार्टी दुई दलले गण्डकी प्रदेशका जनताहरुको हक हितलाई ध्यानमा राखौं आज यो जरुरी सार्वजनिक महत्त्वका विशेष अधिवेशन माग गरेको थियो। त्यो नेपालको संविधान २०७२ को धारा १८३ र उपधारा ३ बमोजिम र प्रदेश नियमावली अनुसार आज यो बिशेष अधिवेशनमा यो सार्वजनिक महत्त्वका बारे बोल्न गइरहेको छु र यसमा विशेष गरी यो बजेट सम्बन्धी मेरो र पार्टीको धारणा राख्न गइराखेको छु। माननीय सभामुखज्यू, यहाँ धेँरै डाटा सहितको कुराहरु र माननीयज्यूहरुको बिचारहरु आयो। मलाई लाग्छ डाटा भनेको एउटा प्रमाण गर्ने एउटा प्रुफ हो। त्यही डाटा कतिपय माननीयज्यूहरुले यो हुनुपर्ने थियो हुन सकेन । अहिले १४% भन्दा बढी कृषिमा पनि भएको छैन। चाहे त्यो पूर्वाधारमा होस् चाहे त्यो झोलुङ्गे पुलमा चाहे कृषि, पर्यटन कुनै पनि शिक्षा ,स्वास्थ्य कुनै पनि क्षेत्रमा भइसकेको छैन भन्ने त्यो डाटा छ। कतिपय माननीयज्यूहरुले यो भएको छ यो डाटा चाहि अब आगामी दिनहरुमा अझ बढी पुऱ्याउनु छ भन्ने छ। यसमा एउटा आश्चर्यचकित छ, किनभने हामीले एउटा प्रमाण गर्ने एउटा डाटाले हो हामीले धेँरै अध्यायहरु लेखेर दस्तावेज गरेपछि त्यसलाई प्रमाण गर्ने त्यही डाटाले हो त्यसैले आदरणीय माननीयज्यूहरुलाई मैले के भन्न चाहन्छु भने किनभने जनताहरुको समस्या समाधान गर्ने थलो भनेको सदन हो। सदनमै हजुरहरु जस्तो जनप्रतिनिधिले झुटो बोल्नुहुन्छ भने यो कसरी जनताहरुले हजुरहरु माथि विश्वास गर्लान माननीयज्यूहरुलाई म अनुरोध गर्न चाहन्छु किनभने डाटा दिँदा सही डाटा दिनपर्छ त्यसैले मलाई लाज लाग्यो कता कता। मैले त्यसैले डाटा टिपेको थिएँ तर त्यो डाटा मलाई म कन्फिडेन्ट छु त्यमा कन्फ्युज छैन तैपनि अझै पनि जनतालाई यो गुमराहमा पार्नु हुँदैन। जनतालाई उज्यालो घाम जस्तै छर्लङ्ग पार्नुपर्छ। यो जनताको समस्या समाधान गर्ने थलो हो सदन भनेको त्यसैले माननीय सभामुखज्यू, नेपाली काँग्रेसको नारा निम्नलाई आय निमुखालाई न्याय दिने र गाउँको जनतालाई गाउँमै बसौँ बसौ भन्ने मूल नारा नेपाली काँग्रेसको छ। विगत तीस वर्षदेखि यो नारा घन्काउँदै आएको नेपाली काँग्रेसले त्यसैले प्रदेश सरकारले आर्थिक वर्षमा बजेट, नीति तथा कार्यक्रम पास गर्दाखेरि हो अरु कुरा त्यही हुने विकासको काममा कुनै पार्टी हुँदैन। कुनै राजनीति हुँदैन कुनै जाति हुँदैन भनेर यसमा सरकारसित सहकार्य गरेर पास गरेको छ तर यो पास गरिरहँदाखेरि पास गरिसक्दाखेरि अहिले के ले रोक्यो सरकारलाई ? के ले छेक्यो ? खालि कोरोनाको कुरा भन्नी। अस्ति माननीय मुख्यमन्त्रीज्यूले त्यो सबैलाई नेपालमा मात्र यो नयाँ होइन  कोरोना । यो विश्व महामारी सबैलाई नयाँ हो। यो नयाँ भएकै कारणले गर्दा यसको औषधी आविष्कार नभइसकेको कारणले गर्दा यो जोगिन परेको हो, हामी वच्न परेको हो। त्यसैले नेपाल जस्तो एउटा विकासोन्मुख राष्ट्रले सुरुमा चीनबाट ल्याएको कोरानालाई चाइनामा हङ्ककङ्गमा ल्याव टेष्ट गर्न पठाउन पऱ्यो कति खर्च लाग्यो होला । कति दुःख भयो  होला। कति समस्या भयो होला भन्ने कुरा आज पटक पटक दोहोरिराखेको छ। हो नि त त्यो पहिलो चोटि थियो यो फस्ट अभ्यास थियो हामीलाई। त्यसैले यो गऱ्यो त्यो हङ्ककङ्गमा गएर आइसकेपछि त हामीले नेपालमै त्यस्तो साधन श्रोतहरु उपलब्ध गरिसकेपछि त्यसको प्रगति हुन पऱ्यो। त्यसको डाटाहरु हङ्ककङ्गको अभ्यासले गर्दा हामी यहाँ आइपुगेका छौँ। आगामी दिनहरुमा त्यस्तो भन्नपर्छ मलाई लाग्छ किनभने जनता आफू सचेत छन्। जनताले आफ्नो स्वास्थ्यको लागि आफू होसियार छ। जनताको स्वास्थ्य बचाउन सरकारको हात छ भन्दा आज यसमा पनि गैर जिम्मेबारी भयो कि माननीयज्यूहरु। यसमा पनि अलिकति हामीले जनतालाई सारै त्यस्तो निमुखा जनता सारै अझै पनि आफ्नो स्वास्थ्यको बारेमा पनि सचेत छैन भनेर सोच्दा आज हाम्रो गल्ती हो कि मलाई त्यो लागेको छ त्यसैले जनता आफै सचेत भएको छ। जनताले यो महामारी पछि आफूले कसरी बच्ने गत वर्ष पोहोरतिर हामीले यो चाइनाबाट यो

महामारी आउनु भन्दा पहिला यो सडकमा हिँड्दा हामीले माक्स लगाएको देखेका थियौँ? हामीले सेनिटाइजर यही पिजनहोलमा प्रयोग गर्थ्यौँ गर्थेनौ नि किनभने यस्तो कुराहरुमा अब प्रगति भइसकेको छ। आज पनि बिगतको दिनहरुले यो भइराखेको छ भन्नेतिर हामी नलागौँ र किनभने बिगतको दिनहरुमा आज पनि मैले के भन्न लागि राखेको छु भने यो गत वर्षकै योजनाहरु सम्पन्न भएको छैन। त्यही योजनाहरुले हामी पूर्वाधारमा जान्छौँ सम्बन्धित मन्त्रालय सम्बन्धित कार्यालयमा गएर किन बजेट कार्यान्वयन भएन । चाहे त्यो रेडबुकमा परेको होस् चाहे त्यो सांसद विकास कोषमा परेको होस्। माथिबाट अख्तियारी आएको छैन। प्रदेशबाट अख्तियारी आएको छैन आएपछि । किन आएन र के गर्दै हुनुहुन्छ त भनेर हामीले सोध्यौँ भनेर कार्यालय प्रमुखलाई सोध्यो भने हामीले गत वर्षकै सक्या छैन नाताबाद कृपाबादको आधारमा ठेकेदार लागेको कारणले गर्दा त्यो काम भएकै छैन। बल्ल एक दुई हप्ता पहिला त्यो ठेकेदारलाई ल्याएर काम सुरु गरेछ । फेरि सामाजिक सञ्जालमा फेरि छापिसक्यो हेर्नु। अलि अलि यसमा पनि हामी सचेत हुनपर्छ। सामाजिक सञ्जालमा जनतामा फलानो माननीयको पहलमा यति करोड आएको छ यति लाख आएको छ र अब यो तत्काल काम सुरु हुन्छ। त्यो कोभिडले गर्दाखेरि रोकियो ठेकदार बेइमानी पर्‍यो । ठेकदार किन बेइमानी पर्‍यो भन्दा उहाँलाई त राजनीति आड छ। राजनीति साथ छ त्यसैले त्यो काम भएको छैन। त्यसैले यो माघ महिनाभित्र सम्पन्न गर्ने भन्ने योजना सुरु भएको छ। फेरि गत वर्षको सामाजिक सञ्जाललाई  त्यो शेयर गरी गरी फेरि नयाँ गरेर दोहोर्‍याएको छ त्यसैले मैले यहाँ जति कराए जति भने पनि मैले फेरि यहाँ के अनुरोध गर्न चाहे भने यहाँ माननीय मन्त्रीज्यूहरु हुनुहुन्छ । हामी अहिले बजेट नीति कार्यक्रम पास गर्दाखेरि अब बास्केटमा बजेट नराखौँ । बजेट चाहि पारदर्सी हुनपर्छ । बजेट पारदर्सी भयो भने बल्ल काम गर्न सहज र सजिलो हुन्छ हामीले नेपाली काँग्रेसले भनिराखेको छ तर त्यति हुँदाहुँदै पनि मन्त्रालयहरुको बजेट बास्केटमा छ र किन हो समय समयमा तपाईको क्षेत्रको प्रदेशको कति वटा स्कूलमा कार्यक्रम दिने हो, कति वटा होमस्टेमा काम गर्ने हो, कति वटा पर्यटन गन्तव्यमा काम गर्ने हो भनेर लिष्ट माग्नुहुन्छ। त्यो लिष्ट गायव कहाँ गयो कहाँ गयो। अहिले सम्म,  अहिले सम्म, होमस्टेमा गत वर्ष केही चाहि भएको थियो। न पर्यटन गन्तव्यमा त्यसको उपलब्धि भएको छ न कृषिमा त्यो कुनै पनि भएको छ। न त त्यो शिक्षामा त स्कूलमा त हामीलाई लाजै मर्नु बनाउनुभयो किनभने माननीय मन्त्रीज्यू स्वयं यहाँ हुनुहुन्छ फोन गर्नुभयो स्कूल ल्याउ भन्नुभयो ३ वटा स्कूल पहिले ५ वटा स्कूल प्रायोटी तोक्न पर्‍यो साँच्चै नै हो क्यारे भनेर हामीले प्रायोटी तोकेर ल्यायौँ । अहिले त्यहाँको व्यवस्थापन समितिले फोन गर्नुहुन्छ हेड मास्टर साहेवले फोन गर्नुहुन्छ प्राध्यापकले खोइ त नि माननीयज्यू? त्यतिखेर के जवाफ दिने? यसैले म चाहि के अनुरोध गर्न चाहन्छु भने हजुरहरु आफै आफ्नो कार्यक्रममा विश्वास हुन्न भने माननीयहरुलाई किन पागल बनाउने? माननीयहरुलाई जनताको अगाडि त्यो किन बनाउने? त्यसैले यस्तै कुराहरुमा यो बजेटमा धेरै भन्दा धेरै हजुरहरुले जतिसुकै माननीयज्यूहरुले काम भएको छ यो भयो त्यो भयो भने पनि यो झुटा कुरा चाहि नबोलौँ र अब यो कुराहरुलाई हामीले यस्तो बोल्नुहुन्न **(माननीय सभामुखः माननीय सदस्य समय सकियो।)** भन्दै यो सदनबाट यहाँलाई अनुरोध गर्छु किनभने सदन भनेको एउटा सबैको समस्या जनताको समस्या चाहि समाधान गर्ने ठाउँ हो र यो प्रदेश सभा ऐतिहासिक सभा हो यसमा पनि संविधानको अभ्यास गर्दै २०७२ को संविधानको अभ्यास गर्दै नेपाली काँग्रेस र जनता समाजबादी पार्टीले एउटा इतिहास र यो कहिल्यै नियमित सभा चाहि केन्द्रको राजनीति राज्य राष्टिय राजनीतिले गर्दाखेरि यो सभा

**(माननीय सभामुखः माननीय सदस्य समय सकियो।)** कहिले सुरु होला जस्तो हामीले चाल ढङ्ग देखेन। जनताप्रति हामीहरुको ठूलो अभिभारा भो। हामीलाई चिन्ता लाग्यो त्यसैले यो विशेष अधिवेशन बोलायौँ र विशेष अधिवेशन पनि गर्नुभो र मलाई लाग्छ यो विशेष अधिवेशनको पक्कै पनि उपलब्धि हुन्छ र त्यसको उपलब्धि हुनेछ र जनताले राहत पाउनेछ भन्ने विश्वास गर्दै बिदा हुन्छु धन्यबाद जयनेपाल।

**माननीय सभामुख**

माननीय सदस्यहरु, यो विशेष अधिवेशनमा सबैलाई समयको निर्धारण हुन्छ। सकेसम्म सबैले समयभित्रै काम कुरा राख्न म अनुरोध गर्दछु। त्यसपछि माननीय सदस्यहरु, अब म माननीय भौतिक पुर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेतलाई जरुरी सार्वजनिक महत्त्वको प्रस्तावको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय रामशरण बस्नेत**

माननीय सभामुख महोदय, बजेट कार्यान्वयनको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराएर सरकारका काम बारे बुझ्ने र रचनात्मक सहयोग, सुझाव दिने पवित्र उद्देश्यका साथ सुरु भएको विशेष अधिवेशनमा उपस्थित सम्पूर्ण माननीयज्यूहरुमा सरकारको तर्फबाट माननीय सभामुख मार्फत हार्दिक आभार व्यक्त गर्न चाहन्छु। सरकारका तर्फबाट छोटो समयमा सबै विषयवस्तुहरु राख्न नसक्ने अवस्था पनि हुन सक्छ। यदि सबै प्रश्नको जवाफ समेटिएन भने पनि सम्बन्धित मन्त्रालयबाट सम्पूर्ण जानकारी हुने अपेक्षा राखेको छु। अब म यो सम्मानित सभाको विशेष अधिवेशनमा उठेका विषयहरुमा केन्द्रित रहेर गण्डकी प्रदेश सरकारको चालू आर्थिक वर्ष २०७७/०७८ को समग्र बजेट कार्यान्वयन सन्दर्भमा जानकारी गराउन चाहि चाहन्छु। समग्र बजेट बिनियोजन र खर्च बिनियोजन र खर्चः चालू आर्थिक वर्ष २०७७/०७८ को लागि सम्मानित प्रदेश सभाबाट रु. ३४ अरब ८४ करोड ८१ लाख ६० हजारको बजेट स्वीकृत भएकोमा हाल सम्म रु. ४ अरब २८ करोड २३ लाख २५ हजार खर्च भएको छ। यो खर्च कूल विनियोजनको १२.५६% हो। कूल बजेट मध्ये चालू तर्फ १४ अरब ३४ करोड २६ लाख ८४ हजार रुपैया, पूजीगततर्फ १९ अरब ९९ करोड ९४ लाख ७६ हजार र वित्तिय व्यवस्थातर्फ रु। ५० करोड बिनियोजन भएकोमा हाल सम्म चालू तर्फ रु. १ अरब ५० करोड ४५ लाख ५ हजार र पूजीगततर्फ रु.२ अरब ७७ करोड ७८ लाख २० हजार खर्च भएको छ। जुन खर्च विनियोजनको तुलनामा क्रमशः १०.६४ प्रतिशत र १३.९२ प्रतिशत हो। आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा आयोजना कार्यक्रम कार्यान्वयनका लागि गर्नुपर्ने पूर्वतयारीका कार्यहरु गरिएका तथा काम सम्पन्न भइसेकपछि मात्र केही योजनाहरुको भुक्तानी हुने हुँदा हाल सम्मको बजेटको खर्च प्रगति न्यून देखिएको हो। हाल सबै कार्यक्रमहरु कार्यान्यनमा गइरहेका कारण आर्थिक वर्षको बाँकी अवधिमा वार्षिक बजेट लक्ष्य अनुरुप खर्च हुने विश्ववास गरिएको छ।

बजेटका मुख्य मुख्य कार्यक्रमहरुको प्रगतिः निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमका लागि विनियोजित ७२ करोड मध्ये ५७ करोड रुपैया कार्यान्वयनमा गइसकेको छ भने बाँकी रकम जुन छ त्यो बाँकी रकम चाहि योजना छनौट भए पश्चात त्यो छिटो भन्दा छिटो अविलम्ब कार्यान्वयन गरी अख्तियारी पठाइने चाहि छ।

२. कोरोनाबाट प्रभावित पर्यटन, कृषि, उद्योग, यातायात निर्माण लगायतका क्षेत्रका उद्योग व्यवसायीहरुलाई जीवन्त गतिशील बनाउन एक अरबको व्यवसाय जीवन रक्षा कोषको व्यवस्था गरिएकोमा प्रभावित क्षेत्रको पहिचान र बहिष्करण सहित कोषको कार्यविधि स्वीकृत भइसकेको छ। स्वीकृत कार्यविधि अनुरुप नेपाल राष्ट्र बैकसँग समझदारीपत्रमा हस्ताक्षर गर्ने क्रममा रहेको र सो पश्चात सबै वाणिज्य बैकहरु मार्फत् उक्त कोष सञ्चालनमा आउने जानकारी गराउन चाहन्छु। प्रदेश भित्रका मुख्य तीन नदीमा विपद् पूर्व सूचना प्रणाली स्थापना गर्ने कार्य अध्ययन भइरहेको छ। सूचना प्राविधिक पार्कको सम्भाव्यता अध्ययनको प्रकृया अगाडि बढेको छ। गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, भौतिक पूर्वाधार विकास निर्माणको कार्य अगाडि बढाइएको र मंसिरदेखि आधारभूत तालिम समेत सञ्चालन गर्ने गरिएको छ। प्रदेशको विभिन्न सडक निर्माण कार्य नै स्तरउन्नति गर्ने क्रममा सबै गौरवका सडकहरु एक निर्वाचन क्षेत्र एक सडक, रणनीतिक महत्त्वका सडकहरु, स्थानीय केन्द्र जोड्ने सडक र विभिन्न

सडक निर्माणका कार्यहरु अहिले धमाधम भइरहेका छन् र कालोपत्रे गर्ने कार्य तिव्रताका साथ अगाडि बढेको छ भने सडक स्तरउन्नति गर्ने कार्य पनि भइरहेको जानकारी गराउन चाहि चाहन्छु। अब कतिपय गौरवका आयोजना मध्ये आरुघाट, सिल्दीबास, रोइला भन्ज्याङ्ग, भिमाद, डेढ गाउँ अरुणखोला सडकको काम भइरहेको छ र अरु आयोजनाहरु दुम्कीवास त्रिवेणी सडक इ.आए.ए. कै चरणमा चाहि छ। चालू आर्थिक वर्षमा ९१ वटा सडक, पुलहरु निर्माण कार्यको लक्ष्य चाहि लिएको छ। त्यो मध्ये १३ वटा सम्पन्न भइसकेका छन् अन्य सडक पुलहरुको ४३ वटा चाहि सडक पुलहरु निर्माणाधिन छन् भने अन्यको चाँहि डि.पि.आर. तयार गरिदैछ। सडक सम्बन्धी ६ वटा सडक पुल सम्बन्धी वा १९ वटा झोलुङ्गे पुल २ वटा भवन र २ वटा सिचाई तर्फका १६ वटा गरी अहिलेको यो आर्थिक वर्षमा बहुवर्षीय ठेक्काको श्रोत सुनिश्चितता गरी खरिद प्रकृयामा जाने नयाँ योजनाहरु छनौट भइसकेका छन्। झोलुङ्गे पुलका सन्दर्भमा ४ वटा झोलुङ्गे पुलहरु निर्माण कार्य सम्पन्न भएका छन्। ५४ वटा झोलुङ्गे पुलहरु निर्माणाधीन छन्। ४७ वटा झोलुङ्गे पुलको डि.पि.आर. अन्तिम चरणमा पुगेको छ र झोलुङ्गे पुल हामीले निर्माण गरिरहँदा कोभिडका कारण लठ्ठा अभावका कारणले झोलुङ्गे पुल जसरी तिव्रताका साथ हामीले गर्नुपर्ने थियो त्यो गर्न नसकिरहेको पनि म जानकारी चाँहि गराउन चाहन्छु। धैरै कुरा उठेको यो लामे आल बसपार्क निर्माण कार्य गर्न २३६ रोपनी जग्गा आवश्यक  पर्ने भएकोले ७७ रोपनी पर्ती जग्गा छ। ८० रोपनी बिगतमा सुकुम्बासी समस्या समाधान आयोगबाट बितरण गरिएको हाल सम्म मालपोतमा व्यक्तिगत श्रेष्ता कायम भइ नसकेको जग्गा रहेको छ र ६४ रोपनी व्यक्तिगत लालपूर्जा रहेको  जग्गा पर्न आउने चाहि देखिएको छ। पोखरा महानगरपालिकासँग बसी २ पटकसँग बैठक बसी बसपार्क निर्माणका सन्दर्भमा थप सहकार्य गरी जग्गा प्राप्ति बित्तिय लगानीको मोडालिटी तयार पार्ने दिसामा छलफल भइरहेको छ। त्यसैगरी पोखरा चक्रपथको रेखाङ्कन सन्दर्भमा पनि महानगरपालिकासँग बैठक बसेर छलफल चलाइएको जानकारी म गराउन चाहि चाहन्छु। प्रदेश सरकार सबै गाउँबस्तीमा आधारभूत खानेपानी पुर्‍याउने लक्ष्यका साथ अगाडि बढेको छ। १३० वटा खानेपानी मध्ये अधिकांश योजनाहरु अहिले कार्यान्वयनमा चाहि छन्। एक घर एक धारा खानेपानी अन्तर्गतका विभिन्न योजनाहरु अहिले एक हजार ५७ वटा योजनाहरु कार्यान्वयनमा चाहि गइरहेको छ। आर्थिक वर्षको यस अवधिमा ३० वटा खानेपानी योजनाहरु सम्पन्न भइसकेका छन्। जस मध्ये ती योजनाबाट सात हजार आठ सय उनान्चालिस वटा निजी धारा जडान भइसकेको छ र त्यो धाराबाट लाभान्वित हुनेको संख्या चाहि उनान्तीस हजार एक सय पन्चानब्बे चाहि छ। जीर्ण तथा आंशिक रुपमा सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको मर्मत सम्भारलाई प्राथमिकतामा दिदै विभिन्न ७६ वटा आयोजनाहरु मर्मत कार्य प्रकृया सुरु गरिएको छ। खेतीयोग्य जमिनमा बाह्रै महिना सिचाई सुविधा पुग्ने सुनिश्चितता गर्दै प्रदेश सरकारले सिचाई र नदी नियन्त्रणका ५६६ वटा योजना मध्ये ३० वटा योजना सम्पन्न गरेको छ  भने ४३० वटा योजना कार्यान्वयनमा गएको छ र अरु योजनाका डिपिआर चाहि बनिरहेका  चाहि छन्। चालू आर्थिक वर्षमा नै गण्डकी वर्षमा सतह सिचाई मार्फत् ३०६ हेक्टर नयाँ कमाण्ड क्षेत्र बिस्तार भएको छ र ४१४ हेक्टर जमिनमा कृषकहरुको कुलोमा जमिनको स्तरउन्नति गरी वर्षैभरि सिचाई सुविधा हामीले चाँहि पुर्‍याएका छौं। यस आर्थिक वर्षमा भित्र उज्यालो गण्डकी प्रदेश घोषणा गर्ने संकल्पका साथ हामी अहिले राष्ट्रिय प्रशारण लाइन बिस्तार, घरेलु सौर्य ऊर्जा र प्रविधि जडान र लघु जलविद्युत आयोजना मर्मत सम्भार गरी नियमित गर्न नियमित कार्यहरु अगाडि बढिरहेको छ। नेपाल विद्युत प्राधिकरणसँग सम्झौता भई सात वटा जिल्लामा सञ्चालित बिद्युत बिस्तार कार्यक्रम कार्यान्वयनबाट म्याग्दी, बागलुङ्ग,  गोरखा, नवलपुर, लमजुङ्ग जिल्लाका तीन हजार दुई सय बत्तीस घरमा नयाँ मिटर जडान भइसकेको छ र मुस्ताङ्ग जिल्लाका प्रायः सबै घरधुरीमा बत्ती पुगिसकेको छ। दुई वर्षभित्र राष्टिय प्रशारण लाइन  पुग्न सम्भावना नभएका गोरखा, मनाङ्ग, मुस्ताङ्ग जिल्लामा नौ सय पन्चानब्बे घरमा सोलर बत्ती बनिसकेको छ। मनाङ्गको मार्फाभूमिमा १२५ घर धुरीमा सौर्य ऊर्जा प्रविधि जडान गर्न सोलर सिस्टम पुगिसकेको र हिउँ परेका कारण त्यो हिउँ पग्लिसकेपछि जडान गर्ने पनि म जानकारी गराउन चाहन्छु। यातायात व्यवस्था कार्यालय कास्की पोखरा, लेते स्वास्थ्य चौकी, चराङ्ग स्वास्थ्य चौकी मुस्ताङ, लोकप्रिय माावि। मनाङ्ग, चुनढुग्री स्वास्थ्य चौकी लगायत विभिन्न ठाउँहरुमा सोलर

जडान कार्य  खरिद प्रकृया चाहि अगाडि बढेको छ। काठेपुल प्रतिस्थापन गर्ने कार्यक्रम अन्तर्गत ७ जिल्लाहरुमा बागलुङ्ग, स्याङ्गजा, कास्की, लमजुङ्ग, मुस्ताङ्ग, तनहुँ, पर्वतको लागि चार हजार सात सय वीस थान स्टीलका पोलहरु अहिले बोलपत्र आह्वान भइसकेका छन्। भौतिक पूर्वाधार मन्त्रालयमा मात्रै ४४० वटा नयाँ डिपिआर तयार हुँदैछ। गत वर्षको अविरल वर्षाका कारण बाढी पहिरोबाट क्षतिग्रस्त भएका सडकपुल, झोलुङ्गे पुल, सिचाई, तटबन्धन, खानेपानी, भवन लगायतका आयोजनाहरुको मर्मत सम्भार गरी पुनर्स्थापना गर्न तिनीहरुको विवरण सङ्कलन र लागत अनुमान तयार गरिएकोमा प्रदेश सरकारको श्रोत साधनले भ्याउने हद सम्म प्रदेशबाट कार्यान्वयन गर्ने र संघीय सरकारसँग पनि सहकार्य गर्ने प्रयासहरु  चाहि भइरहेको छ। यस वर्ष प्रदेशको सिचाई गुरुयोजना निर्माण, खानेपानीको वास्तुचित्र निर्माँण कार्य अगाडि चाहि बढाइएको चाहि छ। ठूला र महत्त्वपूर्ण आयोजनाहरु कार्यान्वयन गर्ने सन्दर्भमा अहिले कै आर्थिक वर्षमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बहुवर्षीय आयोजनाको रुपमा श्रोत सुनिश्चित सहमति लिएर कार्यान्वयन गर्ने गरिएको छ यसपालिको वर्षबाट। बजेट तथा योजना कार्यान्वयन कार्यविधि २०७७ अनुसार चालू आर्थिक वर्षको बजेटमा २०% नपुगेका योजनाहरुको हकमा अर्थ विविध शीर्षकबाट थप रकम व्यवस्था गरी श्रोत सुनिश्चितता प्रदान चाहि गरिएको चाहि छ। आर्थिक वर्षमा थप चार वटा यातायात कार्यालयहरु स्थापना गरिएका छन् र नौ वटा कार्यालयहरुबाट यातायात सम्बन्धी सेवा प्रवाहको व्यवस्था मिलाइएको छ। यातायात व्यवस्था कार्यालयबाट समेत सेवा प्रवाहका लागि आवश्यक  सफ्टवेयर सिस्टमलाई अगाडि बढाइएको छ। पोखराको पृथ्वीचोकमा ड्राइभिङ्ग सेन्टरको मापदण्ड बमोजिम प्रदेश सरकारले आफ्नै नयाँ ट्रायल सेन्टर निर्माण सम्पन्न भएको छ। आजबाट त्यहाँ परीक्षा सुरु हुँदैछ। यातायात व्यवस्था कार्यालय सवारी भाडामा थियो। भाडाबाट आफ्नै जग्गामा भवन बनाएर  चाहि सारिएको चाहि छ। यातायात व्यवस्था कार्यालय नवलपुरबाट सवारी दर्ता, नामसारी, पटके दर्ता, रुट परमिट र लाइसेन्स लगायतका कामहरु सुरु गरिसकिएको चाहि छ। लकडाउनसँगै रोकिएको लाइसेन्स परीक्षाको लागि पौष १४ गतेबाट अनलाइन निवेदन खुल्ला गरिएको छ र पौष २६ आजबाट नै ट्रायल परीक्षा सञ्चालनको व्यवस्था मिलाइएको छ। यातायात क्षेत्रबाट चालू आर्थिक वर्षको यस अवधिमा लगभग भनेको ७६ करोड रुपैया राजश्व चाहि सङ्कलन गरिएको छ र यो उल्लेखनीय राजश्व सङ्कलन हो भन्ने  कुरो म तपाईहरुका बिचमा राख्न चाहि चाहन्छु। गण्डकी प्रदेशको मौलिक र आफ्नै पहिचान बोकेको होमस्टे अन्तर्गतका प्रदेश सरकारबाट स्वीकृत होमस्टे कार्यविधिको आधारमा मूल्याङ्कन गरी दुई चरणमा जम्मा एक सय तेत्तीस वटा होमस्टे छनौट भई पूर्वाधार निर्माण र क्षमता अभिवृद्धि कार्यक्रमहरु अगाडि बढेका छन्। यस कार्यक्रममा हाल सम्म करिव २५% बित्तीय प्रगति भएको समेत जानकारी गराउन चाहि चाहन्छु। गण्डकी प्रदेशलाई पर्यटकको राजधानी बनाउने उद्धेश्य समेत राखेर पर्यटकीय गन्तव्य स्थलहरुको पूर्वाधार निर्माण गर्नलाई चालू आर्थिक वर्षमा जम्मा ६६ वटा गन्तव्य स्थल छनौट गरी रु. २० लाखका दरले रकम बाँडफाँड गरी पूर्वाधार विकासको कार्य भइरहेको छ। एक स्थानीय तह एक उद्योग ग्राम स्थापना गर्ने कार्यक्रम अन्तर्गत स्थानीय श्रोत र साधन तथा ज्ञान, सिपलाई आर्थिक संवृद्धिसँग जोड्ने उद्धेश्यले गत आर्थिक वर्षमा घोषणा भएका १५ र यस आर्थिक वर्षमा घोषणा भएका ५ गरी २० वटा र स्थानीय तहलाई २० वटा स्थानीय तहलाई ३० लाखका दरले रकम उपलब्ध गराइसकिएको छ। आगामी महिनादेखि स्थानीय तहले आफूले तयार गरेको डिपिआर लगायत अनुगमन अनुसार उद्योग ग्रामको निर्माणको कार्य अगाडि बढाउने चाहि छन्। गण्डकी प्रदेशमा भएका वन्य जन्तुको प्रतिनिधित्व हुने गरी पोखरा महानगरपालिकाको पचभैयामा प्राणी उद्यान स्थापना चाहि गरिएको छ। गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको कार्यकारी अधिकृतको नियुक्ति खुला प्रतिष्प्रर्धाको आधारमा भइसकेको छ र उक्त प्रतिष्ठान स्थापनाका कार्य अगाडि बढेको चाहि छ। प्रदेश स्तरमा औद्योगिक क्षेत्र स्थापना गर्न पोखरा महानगरपालिकाको भोटेपोखरी र तनहुँको कुँडीटारमा नवलपुरको लोकाहा खोलामा जग्गा छनौट गरी जग्गाको प्राप्ति गर्ने गरी जग्गाको भोगाधिकार प्राप्त गर्ने कार्य अन्तिम चरणमा चाहि पुगेको छ। जग्गा प्राप्त हुनासाथ औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्य सुरु गरिनेछ। स्याउमा आत्मनिर्भर हुन मनाङ्ग, मुस्ताङ्ग, गोरखा उच्च घनत्व प्रविधिमा आधारित स्याउ खेतीका लागि बिरुवाहरुको माग सङ्कलन कार्य सम्पन्न गरी बोलपत्र आह्वान गरिएको छ। बाँझो जग्गामा खेती गर्न प्रोत्साहन गर्न कृषकहरुको चाँहि छनौटका

लागि अनुगमन कार्य भइरहेको छ भने जग्गा चक्लाबन्दी कार्यक्रम अन्तर्गत १६०० रोपनी क्षेत्रफलका लागि प्रस्ताव प्राप्त भएको छ र स्थलगत प्रमाणिकरण कार्य सम्पन्न भई छनौटको अन्तिम चरणमा चाहि पुगेको छ। मुख्यमन्त्री जलबायु नमूना कृषि गाउँ कार्यक्रम अन्तर्गत ७२ वटा गाउँमा कार्यक्रम सञ्चालनका लागि कार्ययोजना स्वीकृतको अन्तिम चरणमा चाहि गएको छ। १५ वटा नमूना गाउँहरुमा साझेदारी कार्यक्रम सञ्चालनका निम्ति जिसिआइसँगको संयुक्त अनुगमन कार्य सम्पन्न भएको छ। नीजि, गुठी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक गर्नको निम्ति स्थानीय तहसँग पत्राचार चाँहि गरिएको छ। चालू आर्थिक वर्षमा ५३६ वटा साना व्यवसायी कृषि फर्म स्थापना तथा सञ्चालन गर्ने लक्ष्य सरकारको चाँहि रहेको छ। सो का लागि प्रस्ताव आव्हान गरिएकोमा प्राप्त भएका जम्मा तीन हजार नौ सय पचहत्तर वटा आवेदनहरुको स्थलगत छनौट कार्य अन्तिम चरणमा चाहि पुगेको छ। चालू आर्थिक वर्षमा कित्ता नापी नक्सा जम्मा ३०० कि.मी. बाटो अद्यावधिक गर्ने लक्ष्य सूचना प्रकाशित गरिएको चाहि छ। गण्डकी प्रदेश सरकारले प्रदेश स्तरमा २०७७ श्रावण १ गतेदेखि ५० शैया सहितको संक्रमण तथा सरुवा रोग अस्पताल सञ्चालनमा ल्याई कोभिड-१९ अस्पतालका रुपमा संक्रमितलाई राखी उपचार गर्ने व्यवस्था मिलाइएको छ। यसमा निकट भविष्यमै १०० क्षमताको अस्पतालको रुपमा विकास गर्ने योजनाका साथ अगाडि बढेको छ र अब प्रदेश अस्पतालहरु मध्ये ६ वटामा अक्सिजन प्लान्ट जडान भई उत्पादन सुरु भइरहेको चाँहि छ। मनाङ्ग, मुस्ताङ्ग अस्पतालमा २५/२५ शैयाका, धवलागिरी अस्पतालमा २०० शैयाका र अन्य ८ वटा अस्पतालमा ५०/५० शैयामा स्तरउन्नति गर्ने निर्णय भए अनुसार पूर्वाधार विकासका कामहरु अगाडि चाँहि बढेका छन्। चालू आर्थिक वर्षमा प्रदेश सरकारले सबै जिल्लामा जिल्ला अस्पतालहरुमा आइ.सि.यु. उपचार सुविधा, अक्सिजन प्लान्ट, डायलासिस सेवा उपलब्ध गराउने उद्धेश्यले विद्यमान भौतिक संरचनाहरुको स्तरउन्नति, उपकरण खरिद, जनशक्ति व्यवस्थापन गर्ने कार्यहरु अगाडि बढाएको छ। हाल जिल्ला अस्पतालहरुमा मात्र १९ वटा भेन्टिलेटर सहित ३८ शैयाको सधन उपचार आइसियु सञ्चालन हुने अवस्थाका साथै स्याङ्गजा, तनहुँ, लमजुङ्ग, मुस्ताङ्ग जिल्लामा आइसियु स्थापनाको क्रममा रहेको छ। चालू आर्थिक वर्षको बाँकी अवधिमा बाँकी अस्पतालहरुमा सधन उपचार सेवा पुऱ्याउने लक्ष्य लिएको छ। बागलुङ संक्रमण तथा सरुवा रोग अस्पताल, लमजुङ्ग, बागलुङ संक्रमण तथा सरुवा रोग अस्पताल कास्की, लमजुङ्ग मध्यबिन्दु, गोरखा अस्पतालमा २५ गरी १२५ शैयाको एच.डि.यू. स्तरउन्नतिका लागि खरिद सम्झौता चाहि भइसकेको छ। क्रिकेट रङ्गशाला निर्माणका लागि पोखरा महानगरपालिका ३३ मा जग्गा प्राप्ति गरिएको छ। गण्डकी विश्वविद्यालयमा कूलपति/उपकूलपति न्यायिक परिषद्का पदाधिकारीहरु नियुक्ति गरिएको छ भने रजिष्टार नियुक्ति प्रकृयामा चाहि रहेको छ। साथै सो विश्वविद्यालय अन्तर्गत शिक्षण अस्पताल स्थापना गरी चिकित्सक विज्ञान विषयको अध्ययनर अध्यापन, पाठ्यक्रम निर्माणका कार्यहरु भइरहेका छन्। सूचना प्रविधि विषयको स्नातक तहको कक्षा सञ्चालन गर्ने तयारीमा चाहि रहेको छ। गण्डकी विश्व विद्यालय अन्तर्गत नै ३५० बेडको शिक्षण अस्पताल, ५०/५० बेडको चाँहि मुटु, किड्नी र क्यान्सर गरी ५०० बेडको शिक्षण अस्पताल निर्माणको कार्य अगाडि बढाइएको छ। साथै यसको लागि १७५ रोपनी जग्गा प्राप्त भइसकेको छ र थप जग्गाको लागि प्रयासहरु भइरहेका छन्। त्यसैले सबै योजना कार्यान्वयन भएका त छैनन् तर अधिकांश योजनाहरु कार्यान्वयनमा गइसकेका छन्। केही योजनाहरु चाहि बाँकी छन्। जुन योजनाका बारेमा माननीयज्यूहरुले अहिले यो विशेष अधिवेशनमा आफ्ना धारणाहरु राखिरहँदा प्रदेश सरकारलाई झक्झकाइरहदा गण्डकी प्रदेश सरकार ती कार्यान्वयनका निम्ति पहल गर्ने प्रतिवद्धता म चाहि व्यक्त गर्न चाहन्छु र हामीसँग केही समस्याहरु छन्। केही चुनौतीहरु छन्। जस्तै जग्गा प्राप्ति चाहि नहुनु, वन, वातावरणीय प्रभाव अध्ययन गर्नुपर्ने, खरिद ऐन नियम ठेक्कापट्टाको म्याद थप गर्नुपर्ने, अरुमा पनि केही कानुनी समस्याहरु छन्। केही त्यस्ता सडकहरु छन् केही त्यस्ता खानेपानी सिचाईका आयोजनाहरु छन् जुन त्यो ठाउँमै विवाद चाँहि भइरहेका छन्। ती कारणले गर्दा पनि कार्यान्वयनमा समस्याहरु देखा परिरहेको छ। प्रदेश सरकारसँग जति पैसा हुनुपर्ने हो बजेट हुनुपर्ने हो त्यति पैसा पनि छैन। हामीलाई हस्तान्तरित योजनाहरु आएका छन् ती योजनाहरुलाई चाँहि कार्यान्वयन गर्नका निम्ति श्रोत जुटाउनुपर्ने छ। साधन जुटाउनुपर्ने छ। ती पनि

हाम्रा चाहि समस्या हुन्। कतिपय रिक्त दरबन्दीहरु छन्। दक्ष जनशक्तिको चाँहि अभाव छ र यी दक्ष जनशक्तिका अभावका कारणले पनि कतिपय योजनाहरु हामीले सञ्चालन गर्न सकिरहेको छैन। अब पहाडी जिल्ला छ भौगोलिक बनौट त्यस्तै छ योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा पुग्छन्। बाढी पहिरो आउँछ अब त्यसले चाहि के गर्छ ती योजनाहरु क्षत विक्षत चाहि गर्छ। अझै पनि कोभिडका चाहि समस्याहरु चाहि छन्। हामी सरकारले कार्यान्वयन गर्ने कुरामा कुनै शंङ्का नगर्नका निम्ति म सभामुख मार्फत माननीयज्यूहरुलाई हार्दिक अनुरोध चाहि गर्छु। इमान्दारिता साथ सरकारले काम गर्छ र गरिरहेको पनि छ। सबै योजनाहरु कार्यान्वयन हुन सक्दैनन्। कतिपय सम्भावना नभएका योजनाहरु पनि छन्। ती हामीले पहिचान गरिरहेका छौं। सपना मात्र हामीले बाँडेका छैनौं। हामीले  चाहि व्यवहारमा पनि देखाएको कुरा म तपाईहरुको बिचमा राख्न चाहन्छु। हामीले थुप्रै प्रयत्नहरु चाहि गऱ्यौं। छिटो र छरितो प्रभावकारी र भरपर्दो सेवा कसरी दिने सरकारले चाहि सोच्यो र प्रयास चाँहि गऱ्यो। हामीले आज जिल्ला जिल्लामा कार्यालयहरु खोलिरहेका उदाहरणहरु व्यवहारमा देखिन्छन्। संघीय सरकारबाट छ विशेष र समपूरक सशक्तका आयोजनाहरुमा पैसा हामीले मागिरहेका छौँ समन्वय गरिरहेका चाँहि छौं। स्थानीय सरकारसँग समन्वय गरिरहेका छौं। विधिको शासनमा आधारित पारदर्शीता, जवाफदेहीता, परिणाममुखी र नागरिकमैत्रीक शासन कायम गर्न महत्त्वपूर्ण कानूनहरुको चाहि हामीले निर्माण गरेका छौं। माथि उल्लेखित मैले समस्या बताइरहँदा ती समस्याहरु समाधान गर्न संघीय सरकारसँग स्थानीय सरकारसँग अन्य सरोकारवालासँग तथा साझेदार निकायहरुसँग समन्वय र सहकार्यको प्रयास भइरहेको चाहि छ। हाम्रो जुन बेरुजु एउटा ठूलो भोलुममा चाहि देखिएको थियो त्यो बेरुजुलाई नियमित गर्ने कुरामा सरकारले पहल गरेको छ प्रयत्न गरेको छ। बेरुजु असुल उपर तपाईहरुले चाँहि एउटा उत्साहजनक रुपमा चाहि भएको महसुस चाहि सरकारले गरिरहेको चाँहि छ। अन्त्यमा प्रदेश सरकार एउटा गतिमा अगाडि बढिरहेको चाँहि छ। अघिल्लो आर्थिक वर्षका बहुवर्षीय योजनाहरु कार्यान्वयन भइरहेका छन्। हामी चालू आर्थिक वर्षको बजेट कार्यान्वयनको चरणमा छौं। प्रथम चौमासिक सम्ममा हामी यो योजनाको लागत इस्टमेट र खरिद प्रकृयाका काममा थियौं। तसर्थ बित्तिय प्रगति कम देखिएको हुन सक्छ। अब हामी सम्झौता गरी कार्यान्वयनको चरणमा भएकोले यस चौमासिकको अन्त्यसम्ममा हामी उल्लेखनीय रुपमा भौतिक साथै बित्तिय प्रगति समेत हासिल गर्नेछौं भन्ने चाहि मलाई लाग्छ। माननीयज्यूहरुको बजेट कार्यान्वयनमा आवश्यक सहकार्य र सहयोगको अपेक्षा लिदै योजना कार्यान्वयनमा को सत्ता पक्ष को प्रतिपक्ष नभनी एकतावद्ध भएर लाग्न सकेमा प्रदेशको संवृद्धि सँगै देशको संवृद्धि हासिल गर्न सकिनेछ भन्ने आशा मैले चाहि गरेको छु। सबै माननीयज्यूहरुलाई बजेट कार्यान्वयनमा एकतावद्ध भएर लाग्न माननीय सभामुख मार्फत अनुरोध गर्न चाहि चाहन्छु। सरकार अहिले सुतिरहेको चाहि छैन। सरकार एउटा गतिका साथ अगाडि बढिरहेको चाहि छ। तसर्थ अहिले जुन माननीयज्यूहरुले विभिन्न योजनाहरुको गण्डकी काउफार्मको, लामेआल बसपार्कको, सांस्कृतिक ग्रामको, सामाजिक सुरक्षाका कार्यक्रमहरु, मल कारखानाका कुराहरु, औद्योगिक कारखानाका कुराहरु यी विविध कुराहरु, स्वास्थ्यका बिमाका कुराहरु, अब पुलका कुराहरु धैरै बेरोजगारीका निम्ति हामीले चाहि बजेट छुट्र्याएका कुराहरु जुन उठाइरहनुभएको छ यसले के सङ्केत गर्छ भने यी कार्यहरु पनि ती बाँकी रहेका केही कार्यक्रमहरु सरकारले अहिले सम्म नगर्दा नगरेको र विविध कठिनाईका कारणले नगरेकै हो भन्ने कुरामा माननीयज्यूहरुले बुझिदिन सभामुख मार्फत अनुरोध गर्न चाहन्छु र तपाईहरुले उठाउनुभएका कुराहरुका सन्दर्भमा सरकार गम्भीर छ, गम्भीरताका साथ अगाडि बढेको छ। दृढ संकल्पका साथ सरकार चहि अगाडि बढेको छ र जनताको पक्षमा र यो समग्र गण्डकी प्रदेशको विकास र संवृद्धिको यात्रामा चाहि यात्रा तयार गर्ने सन्दर्भमा गण्डकी प्रदेश सरकारले कुनै पनि कमी गर्दैन भन्ने कुरामा बुझिदिनका निम्ति र इमान्दारिपूर्वक कार्य गर्न क्षमता राख्छ भन्ने कुरो पनि बुझ्नका निम्ति सभामुख मार्फत म अनुरोध गर्दै अहिले मैले सुरुमा पनि भनेको थिएँ सबै कुराहरु नसमेटिन सक्छन् र अहिले बजेटको खर्च र कार्यान्वयनको पाटो यो छ भन्ने कुरा यहाँहरुका विचमा राख्दै मेरा भनाइ चाहि यही टुङ्ग्याउँछु हस् धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, हाम्रो समय अलिकति एक र दुई मिनेट अगाडि गएको छ। यसलाई पनि ख्याल गर्दै आगामी दिनमा चाहि गर्नेछौं। माननीय सदस्यहरु, अब यो छलफल यहिं समाप्त हुन्छ।

माननीय सदस्यहरु, अब यो बैठक २०७७ साल पौष २७ गते विहान ११.०० बजे सम्मको लागि स्थगित हुन्छ।